# चौंरीदेउराली गाउँपालिकाको छैठौं गाउँ सभाबाट स्वीकृत आर्थिक वर्ष ०७७/०७८ को नीति तथा कार्यक्रम

हाम्रो गाउँपालिकाको गरिमामय यो छैठौं गाउँसभाका आदरणीय गाउँसभा सदस्यज्यूहरू, कर्मचारी मित्रहरू, सुरक्षाकर्मी लगायत सहभागी सम्पुर्ण महानुभावहरू सबैमा चौंरीदेउराली गाउँपालिकाको तर्फबाट हार्दिक अभिवादन तथा स्वागत गर्न चाहन्छु ।

साथै यो महत्वपुर्ण अवसरमा नेपालको राज्य व्यवस्था परिवर्तनका खातीर विभिन्न कालखण्डमा संचालन भएका ससस्त्र एवं शान्तीपुर्ण विद्रोह तथा आन्दोलनहरूमा यस गाउँपालिकाबाट प्राणोत्सर्ग गर्नुहुने महान अमर सपुतहरू १) तिर्थ गौतम, २)यान प्रसाद गौतम घ) विन्दा चौलागाईं, ४) शुभद्रा चौलागाईं, ५) बद्रि तिवारी, ६) रिना रसाइली, ७) सुरेन्द्र रसाइली, ८) प्रदिप गौतम, ९) पुण्य प्रसाद गौतम, १०) संजीव लामा, ११) लोप्साङ लामा, १२) सुर्य लामा, १३) सोनाम लामा, १४) अनिल लामा (जनआन्दोलन), १५) पम्फा विश्वकर्मा, १६) हरिशरण गजुरेल, १७) पासाङ लामा, १८) कमल प्रसाद चौलागाईं, १९) चक्र बहादुर गौतम, २०) टासी लामा, २१) हज्जार सिं लामा, २२) पञ्जा लामा, २३) राजु भुर्तेल, २४) पदम लामा, २५) इन्द्र बहादुर पाठक, २६) किरण तामाङ, २७) बस्तिमान लामा, २८) कृष्ण प्रसाद गौतम, २९) नोखराज गौतम, ३०) चन्द्र बहादुर लामा लगायत सम्पुर्ण ज्ञात अज्ञात शहिदहरू प्रति यो गाउँ सभा र सिंगो चौरीदेउराली गाउँपालिकाका सम्पुर्ण जनसमुदायको तर्फबाट हार्दीक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै वेपत्ता योद्धाहरू १) नविन गौतम, २) कमला शर्मा, ३) कुमार ढकाल, ४) उमेश सेठाँई, ५) बुद्धि लामा लगायतमा यो गाउँसभा उच्च सम्मान व्यक्त गर्दै घाईते अपाङ्गहरू प्रति आदर भाव व्यक्त गर्दछु ।

**आदरणीय सदस्य ज्यूहरु,**

जनप्रतिनिधी विहीनताको अवस्था देखि लामो समयको राजनैतिक संक्रमणकाल अन्त्यसँगै स्थानीय तहको निर्वाचन हुंदै संघ र प्रदेशको निर्वाचन सम्पन्न भए पश्चात सिंगो मुलुक जनप्रतिनिधी विहीन अवस्थाको अन्त्य गरि राजनैतीक स्थिरताको अवस्थामा प्रवेश गरि संबृद्धि हाँसिल गर्ने लक्ष्यका साथ अघि बढी रहेको अवस्थामा कोरोना भाइरस (Covid-19) नामक विपद तथा महामारीको चपेटामा सिंगो विश्व लपेटी रहेको वर्तमान परिवेशमा हाम्रो मुलुक अछुतो रहन सक्ने कुरै भएन । कोरोना भाइरस (Covid-19) को रोकथाम तथा नियन्त्रणका लागि लामो समयको बन्दाबन्दीको मार हामीलाई पनि नपर्ने कुरै भएन । यद्यपि यो चलिरहेको अहिलेको विषम परिस्थितीमा हामी हाम्रो गाउँपालिकाको आ.व. २०७७/०७८ को लागि वार्षिक नीति तथा कार्यक्रम माथि बृहद छलफल गरि पारित गर्ने प्रकृयामा जुटीरहेका छौ । मानव सभ्यता माथी नै चुनौती दिने घातक कोरोना भाइरसबाट अहिले सम्म हाम्रो गाउँपालिकामा कोही पनि संक्रमित भएको छैन र कोही पनि संक्रमित नहोस् यदी भै हालेमा त्यसमाथी विजय हासिल गर्ने क्षमता हामी सबैमा पैदा होस यहि शुभकामना सहित विश्व स्वास्थ्य संगठन (WHO) र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशनलाई दृढतापुर्वक मनन गर्दै सामाजिक दुरीलाई कायम गर्दै उच्च सतर्कता अपनाई सुरक्षित रहनका लागी सम्पुर्ण गाउँपालिकाबासी दाजु भाई दिदिबहिनीहरूमा यो गाउँसभा मार्फत हार्दिक अपिल गर्दछु ।

**गाउँपालिकाको सामान्य चिनारी,**

राजधानी काठमाण्डौंबाट नजिकै रहेर पनि युगौ देखि पिछडिएर अति विकटताको सामना गरि दुर्गम अवस्थालाई बोकी रहेको हाम्रो चौंरीदेउराली गाउँपालिका ९ वटा पुर्व गा.वि.स हरू सम्मिलित भै ९ वटै वडा रहेको र ९९.५४

वर्ग कि.मि. क्षेत्रफलमा २०,८२९ जनसंख्या, ४,६६४ घर परिवार (२०६८ को जनगणना) रहेको छ । हाम्रो गाउँपालिकाको सबैभन्दा होचो भाग दोभानटार ( संभवत जिल्लाकै) र सबैभन्दा अग्लो साँगा सोती सम्म फेलिएको हाम्रो गाउँपालिकामा तराई देखि उच्च पहाडी भागमा सबै खालको हावापानी पाइने र विभिन्न प्रजातीका वनस्पति तथा जडिबुटीहरू समेत यहाँ पाइन्छ । धान, मकै, गहुँ, कोदो, फापर र जौ यहाँको मुख्य अन्नवाली रहेको छ भने आलु, गोलभेडा र सागसब्जी यहाका तरकारी वालीहरू हुन् । पशुपालनमा गाई, भैंसी र बाख्रा मुख्य हुन भने विगत देखि कृषि तथा पशुपालन नै मुख्य उत्पादन श्रोत थिए र हुन तर निर्वाहमुखि उत्पादन प्रणालीमा आधारित कृषि र पशुपालनले उत्पादन बृद्धिमा खासै प्रगती गर्न नसकेको हाम्रो गाउँपालिकाले बदलिदो परिवेशलाई धान्न नसकि रोजगारीको लागी विभिन्न पेशा ब्यवसायको लागि गाउँ छाडी बाहिर जाने र विदेशीनेहरूको संख्या प्रशस्तै रहेको छ । यसले खतियोग्य भुमिहरू बाँझै रहने र वृद्ध वृद्धा मात्रै गाउँमा रहेको हुँदा यहाँको कृषि तथा पशुपालन खस्किदै गई रहेको तितो यथार्थता हामीसंग रहेको छ । गाउँका विद्यालयहरू विद्यार्थी अभावको कारण धमाधम बन्द हुने प्रकृया तिव्रतामा छ । ५९ वटा विद्यालय रहेको हाम्रो गाउँपालिकामा आज ३९ वटा मात्रै संचालित छन् त्यसमा पनि अझै बन्दगर्नु पर्ने स्थिति हाम्रो सामु छ । भौतिक पुर्वाधारको हिसाबले आधुनिक खालका मजबुत विद्यालय भवनहरू प्राय सबै वडामा रहेका छन् । शिक्षाको गुणस्तरलाई बृद्धि गर्नुपर्ने आवस्यकता भने झनै चुलिंदै गएको छ ।

## ३ वर्षको संक्षिप्त समिक्षा,

स्थानीय तहको निर्वाचन भएर निर्वाचित यस गाउँपालिकाका जनप्रतिनिधीहरूबाट सम्पन्न पहिलो आर्थिक वर्ष २०७४/०७५ को पहिलो गाउँ सभाबाट पारित नीति तथा कार्यक्रम र विनीयोजित बजेट सँगै दोश्रो र तेश्रो आर्थिक वर्षको समिक्षा आर्थिक वर्ष ०७५/०७६ मा उल्लेखित समस्या समाधान र सम्भावनालाई नै यहाँ समावेश गर्नु उपयुक्त देखिएको हुँदा सोही अनुसार समावेश गरिएको छ ।

## आर्थिक वर्ष २०७४/०७५ र २०७५/०७६ को संक्षिप्त समिक्षा

**आदरणीय गाउँसभाका सदस्य ज्यूहरु,**

आर्थिक वर्ष २०७४/०७५ मा हामी निर्वाचित भएर आए पश्चात हामीसँग कुनै अनुभव थिएन । पुरै टिम नयाँ थियो । हामीसँग विगतका स्थानीय निकायमा काम गरेको कुनै अनुभव पनि थिएन । नयाँ संविधानले व्यवस्था गरेको तीन तहका सरकारहरूमध्ये स्थानीय तहमा त झनै कुनै अनुभव कसैसँग छँदै थिएन । नयाँ संरचना खडा भएर त्यस माथि काम गर्नुपर्दा हामी जनप्रतिनिधीहरू अलमलमा नै थियौं । विद्यमान ऐन, कानुन, नियम, विधि, विधान र नयाँ संरचनाका बिचमा विभिन्न खालको अन्तर्विरोध छँदै थियो । ततत् निकायहरूबाट नयाँ संरचना र व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आवश्यक ऐन, नियम र कानूनहरू नबन्दा कार्य सञ्चालन गर्न कठिन थियो । राज्यसँग रहेको पुरानो कर्मचारी संयन्त्रसँग रहेको अनुभवलाई लिएर काम गर्दा कता कता पुरानै अवस्था तिर फर्कनुपर्ने मूल रूपमा कर्मचारीको अभाव, भएकाहरूको नयाँ संरचना, परिवेश र जनसमुदायको इच्छा, चाहना र जनप्रतिनिधीहरूको इच्छाशक्तिलाई, व्यवहारिकतामा प्रयोग गर्ने कुरामा द्बिविधा, अस्पष्ट, कर्तव्य र जिम्मेवारी प्रति उदासिनता, स्पष्ट भएका कुराहरूमा पनि आलटाल गर्ने, फिल्डमा नबसी दिने, अझ कर्मचारी संयन्त्रको अस्थिरता र स्वार्थ अनुकूल काम गर्ने प्रवृत्तिका बिचबाट पहिलो आर्थिक वर्ष हामीले गुजार्‍यौं । यति हुँदा हुँदै पनि हामीसँग रहेको न्यून कर्मचारी र उहाँहरूसँग भएको लामो अनुभव, जनप्रतिनिधिहरूको केही गर्नैपर्छ भन्ने जनताप्रतिको समर्पन भाव र दृढता, कतिपय विधि विधानका अभावका विचबाट झण्डै ९५% विकास बजेट कार्यान्वयन गर्न सफल

भयौं र हामी तेश्रो गाउँ सभा गर्न पुग्यौं । आ.व. २०७५/०७६ को गाउँ सभा सम्पन्न गरी कार्यान्वयनको चरणमा प्रवेश गर्नै लाग्दा प्रमुख प्रशासकीय अधिकृतको सरूवा भै लामो समयसम्म दैनिक प्रशासनिक कार्यहरू लगायत योजनाका कार्यहरू सञ्चालन हुन सकेन । कर्मचारी समायोजनको प्रक्रियाले लामो समयसम्म भएका कर्मचारीहरूमा पनि निकै अस्थिरता र अकर्मण्यता पैदा गरायो । कहाँ परिन्छ ? कहाँ पुगिन्छ ? अब समायोजित भै सकेपछि मात्र काममा लाग्नु पर्ला जस्तो छ, जस्ता भावले लामो समयसम्म कर्मचारीहरूमा पैदा भएको अन्यौलताले कार्य सम्पादनमा योजना कार्यान्वयनको मुख्य अवधिमा प्रभाव पर्न गयो । यस आर्थिक वर्षमा ३ पटक प्रशासकीय अधिकृत फेरिनुले नै सबैभन्दा धेरै कार्य प्रभावित हुन पुग्यो । यो सँगै कतिपय वडाका मुख्य जनप्रतिनिधहरूको निरन्तर वडामा रहेर जनतालाई योजनाहरूमा परिचालन गर्ने कुराको अभाव वडाभित्र भए गरेका कार्यहरूको अनुगमन तथा निरीक्षण गर्ने कुरामा कमी, अन्तिम समयमा आएर योजना कार्यान्वयन र फरफारक गर्ने प्रक्रियाले गर्दा आर्थिक वर्षको अन्त्यमा धेरै चाप पर्ने गरेको छ । अभै सम्म पनि हामीसँग रहेको दरवन्दीको तुलनामा कर्मचारीहरू आपूर्ति हुन नसक्नुले विभिन्न कार्यहरू समयमै सम्पन्न गर्न कठिनाइ भइरहेको छ । यतिहुदा हुदैपनि आ.व. ०७५/०७६ मा विनियोजित वितीय समानिकरण तर्फको झन्डै ९८ प्रतिशत रकम खर्च गरीसकिएको छ । त्यसै गरी विभिन्न विषयगत शाखाहरूद्धारा आफ्ना कार्यक्रमहरू ९७ प्रतिशत सम्पन्न भएका छन् भने राजश्व वृद्धिमा दोब्बर भन्दा वढि प्रगति हासिल भएको छ ।

यस आर्थिक वर्षमा कतिपय जनप्रतिनिधीहरूका बीचमा समन्वय, समझदारी र सहकार्य लगायत एक अर्काका अनुभवहरू शेयर गर्ने र सकारात्मक कार्यहरूको अनुसरण गर्ने कार्यहरू पर्याप्त मात्रामा हुन सकेनन् । कतिपय बैठकहरूमा त बैठककै अध्यक्षता गर्ने अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षज्यूहरूका बीचमा एकापसमा आफ्नो पदिय हैसियत र अधिकार लगायतका कुराहरूलाई भुल्ने र बैठकको मूल्य मान्यता र विधिविधानहरूको ख्याले नगरी सामान्य विषयहरूलाई अतिरंजित ढङ्गले बुझ्ने र अशिष्ट, अभद्र र अमर्यादी व्यवहार प्रदर्शन गर्ने सम्मका घटनाक्रमहरूले हाम्रो बुझाई क्षमता र आवश्यकता विचको अन्तर्विरोधी अवस्थाको चित्रण समेत गरेको छ । यसबाट शिक्षा लिँदै आगामी दिनमा विषयबस्तुको अन्त्यसम्म पुगेर बुझ्ने र समस्याको सहि पहिचान गरी समाधानको सही विधिको खोजी गर्ने क्षमताको विकास गर्नु हामी सबैको लागि आवश्यकता बनेको छ ।

कतिपय जनप्रतिनिधि र कर्मचारीहरूबाट उपभोक्ता समितिहरूसँग योजना सम्झौता, डिजाइन, स्टीमेट र कार्यान्वयन तथा सम्पन्न योजनाहरूको भुक्तानी गर्दा आर्थिक सर्तसहित कार्य गरिदिने जस्ता नकारात्मक टिप्पणीहरू जनस्तरबाट सुन्नुपर्दा जुन जोगी आए पनि कानै चिरेका भन्ने उखानलाई सार्थकता बनाईरहेका त छैनौं भन्ने भाव जनतामा गएको आभास भइरहेको देखिन्छ । यस्तो कार्यलाई निरूत्साहित गरी जनतामा इमान्दारीता, पारदर्शिता र सुशासन प्रर्वद्धन गर्न सकिएन भने जनताको त्याग र बलिदानबाट प्राप्त गरेको संघियता सहितको उपलब्धी र संरचनाहरूमा कालो धब्बा लगाउँने कलङ्कित पात्रको रूपमा इतिहासमा दर्ज हुनुको विकल्प हामीसँग हुने छैन । यसर्थ सर्वसुलभ तवरबाट पाउनुपर्ने सेवा निर्शत प्राप्त गर्न पाउने जनताको हकलाई सम्मान गर्न हामी सबै प्रतिबद्ध हुनैपर्दछ । यति धेरै अभाव, कठिनाइ र कमजोरीका बीचबाट पनि हामीसँग रहेको थोरै जनशक्ति र जनप्रतिनिधिहरूको अथक मिहेनत र प्रयासबाट यस वर्ष हामीले महत्वपूर्ण सफलताहरू प्राप्त गर्न सकेका छौ ।

हस्पिटलको संचालन तथा आवश्यक स्वास्थ्यकर्मीहरूको व्यवस्था, खेलमैदानको निर्माण, कृषिक्षेत्रमा आवश्यक मात्रमा विउवीजन वितरण, तरकारीको पकेट क्षेत्र निर्माणको थालनी, १४ हजार भन्दा वढी कागतिको विरूवा लगाएत अन्य फलफुल र घाँसका विरूवाहरू वितरण गरीएको छ । सडक पूर्वाधारहरूको निर्माण तथा स्तरोन्नती, डिपबोरिङ्ग, लिफ्टिङ्ग र ग्राबीटी फ्लो मार्फत सुख्खा र अभाव ग्रस्त क्षेत्रहरूमा खानेपानी पुर्याउने कार्यको कार्यान्वन, भ्यूटावर निर्माणको थालनी, गाउँपालिकाको गुरूयोजना निर्माण, गाउँपालिका लगायत सबै वडाहरूमा CCTV तथा इन्टरनेट जडान, शैक्षिक क्षेत्रमा गुणस्तरीय शिक्षाको लागि विभिन्न प्रविधियुक्त शिक्षण क्रियाकलापको सुरूवात, विभिन्न दातृ निकायहरबाट विद्यालयका भौतिक पूर्वाधारहरू निर्माण गरी आधुनिक भवन तथा ल्याबहरूको निर्माणको अनुगमन, निरीक्षण, प्राविधिक शिक्षा सञ्चालनमा विस्तार संघ र प्रदेशबाट विनियोजित बजेट तथा योजनाहरूको ठेक्का प्रक्रियाबाट कार्यान्वयन, स्वास्थ्यचौकीहरूको लागि निःशूल्क औषधी वितरण, ल्याब लगायत आवश्यक कर्मचारी र थप बर्थिङ्ग सेन्टरहरूको स्थापना र कर्मचारी व्यवस्थापन, नवनिर्मित स्वास्थ्य चौकी भवनहरूमा स्वास्थ्य सेवा सञ्चालन, गाउँपालिका स्तरीय तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताहरू सञ्चालनका कार्यहरू सफलतापूर्वक सम्पन्न भएका छन् । ऐतिहासिक मठमन्दिर, गुम्बाहरूको जिर्नोदार तथा मर्मत सम्भारका कार्यहरू सञ्चालन भै सम्पन्न हुन गइरहेका छन् । विभिन्न गैर सरकारी संघसंस्थाहरूबाट विभिन्न क्षेत्रमा प्राविधिक तथा आर्थिक सहयोगमा खानेपानी, सरसफाई र स्वास्थ्य सम्बन्धी कार्यहरू, आयआर्जन र निर्माणको क्षेत्रमा महत्वपूर्ण सहयोग प्राप्त भईरहेका छन् । सीपमूलक तालिम क्षमता अभिवृद्धि र सचेतनामूलक कार्यहरू पनि राम्रै ढङ्गले अगाडि बढिरहेका छन् । गाउँपालिकामा रहेको प्रशासन, योजना, लेखा र विषयगत शाखाका कार्यहरू सन्तोषजनक रहेका छन् । लेखा र श्रेष्ता प्रणाली सबैभन्दा चुस्त र दुरूस्त रहेको कुरा लेखापरीक्षणबाट पुष्टि भएको छ । समग्रमा भन्नुपर्दा विकाश निर्माण लगायतका योजनाहरू सामान्य कमीकमजोरी र अभावका बिचबाट सफलतापूर्वक कार्यान्वयन सम्पन्न भएका छन् ।

## आर्थिक वर्ष २०७६/२०७७

यस आर्थिक वर्षको पाचौं गाउँसभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने सन्दर्भमा फेरी पनि प्रमुख प्रशासकीय अधिकृतको सरूवा भै प्रशासकीय कामलाई व्यवस्थित ढंगले अगाडी बढाउने कुरामा समस्या नै एकातिर देखा पर्‍यो भने अर्को तर्फ स्वीकृत योजना र बजेट कार्यान्वयन गर्ने कार्यमा जनप्रतिनिधीहरूबाट समयमै सम्झौता गराई काम गर्ने कुरामा झण्डै ६ महिना जति ढिला सुस्ति हुँदा आ.व. को उत्तरार्धमा आएर योजना सम्झौता कार्यान्वयन र भुक्तानीको चापमा परिरहेकै बेला Covid–19 कोरोना भाइरसका कारणले बन्दाबन्दी हुँदा सबैतिर लथालिङ्गको अवस्था पैदा भयो । चैत्र महिना देखि कोरोना नियन्त्रण रोकथामका लागि सचेतनाका कार्यहरू र क्वारेन्टाइन व्यवस्थापनले गर्दा विकाश निर्माणका कार्यहरू प्रभावित हुन पुग्यो । संघ, प्रदेश र स्थानीय तहबाट ठेक्का सम्झौता भै कार्य थालनी भएका कतिपय राष्ट्रिय योजनाहरू समेत समयमै सम्पन्न हुन सकेका छैनन् । दोलालघाट -कोलाँती-चौंरी-गुराँसे सडक, चौंरी खोला ढोकाडाडा लिफ्टिङ्ग खाने पानी आयोजना, चौंरीखोला पाथिभरा लिफ्टिङ्ग खानेपानी आयोजना, चौंरीखोला मादन कुडारी लिफ्टिङ्ग सिंचाई आयोजना तिर्थ स्मृती खेल मैदान लगायतका र गाउँपालिका स्तरका कतिपय महत्वपुर्ण योजनाहरू समयमै सम्पन्न गर्न सकिएका छैनन् यद्यपि संघ, प्रदेशका सशर्त योजनाहरू भने यस आ.व. को अन्तिम सम्ममा सम्पन्न हुने गरि हाल तिव्रतामा अगाडी बढी

रहेका छन् । सबै कर्मचारी जन प्रतिनिधीहरूको ध्यान योजना कार्यान्वयनको मुख्य समयमा कोरोनाले विकेन्द्रित गरि दिन पुग्यो । यद्यपि हाल आएर आ.व. को अन्तिममा दरबन्दि अनुसारका कर्मचारीहरू परिपुर्ती हुने प्रकृया अगाडी बढिरहेको छ । आगामी दिनका लागि भने कर्मचारीको अभाव नहुने देखिएको छ । यस्तो विषम अवस्थाबाट गुज्रीरहँदा पनि जनप्रतिनिधीहरूबाट लकडाउनको अवधिमा जनता संगै रहेर योजना कार्यान्वयनको लागि देखाएको तत्परता भने सह्रानिय नै रह्‍यो ।

## आदरणीय गाउँसभा सदस्यज्यूहरु,

चालु आर्थिक वर्षका योजनाहरूमा भएको प्रगतिबारे संक्षिप्तमा राख्न गई रहेको छु ।

**कृषिः–** गत आ.व. हरूमा कृषिलाई व्यवसायिक तथा आधुनिकिकरण गर्ने कार्यमा केही प्रगति हासिल भएको छ । कृषकहरूलाई यान्त्रिकीकरण तर्फ अभिप्रेरित गर्नका लागि ५० प्रतिशत अनुदानमा हाते ट्रयाक्टर, प्लास्टिक टनेल, स्प्रेयर, प्लास्टिक पोखरी, साना मिलहरू, हाते च्यापकटर आदि वितरण गरिएका छन् जसबाट किसानहरूको उत्पादनमा वृद्धि भएको छ । त्यसै गरि विभिन्न फलफुल र अन्य बोट विरूवाहरू वितरण गरि कृषि प्राविधीकहरूबाट बेला बेलामा बालीनालीको निरिक्षण, आवश्यक सुझाव दिने र माटो परिक्षण शिविर संचालन गर्ने कार्यहरू प्रत्येक वर्ष गरिएको छ । साना सिंचाईको कार्यक्रम अन्तर्गत सिंचाई पोखरीहरू निर्माण, नर्सरीको स्थापना र कृषि फर्म, पकेट क्षेत्र निर्माणको थालनीको प्रकृया सुरु भई कार्यहरू भएका छन् । परिक्षणका लागि वाङ्थलीमा १० हजार बोट चिया खेती शुरू गरिएको छ, जहाँ राम्रै अवस्थामा चिया बोटहरू हुर्कदैछन् । यसै गरि पशुपालन तर्फ बाखा तथा भैंसी फार्महरू स्थापना हुँदै गएका छन् र उत्कृष्ट फर्महरूलाई अनुदान समेत प्रदान गरिएको छ । उन्नत जातका बोका पाठी वितरण कार्य र कृतिम गर्भाधानको कार्य पनि प्रभावकारी रूपमा संचालन भै किसानहरूले आकर्षक प्रतिफल प्राप्त गर्न लागि सकेका छन् ।

**पर्यटनः–** विगतका आ.व. हरूबाट तय भएका पुरातात्विक तथा ऐतिहासिक मठमन्दिरहरू, वाङ्थलीमा रहेका ऐतिहासिक दे छोईलिङ गुम्बा लगाएत अन्य विभिन्न वडामा रहेका छोर्तेनहरु, गुम्बाहरू, निर्माण तथा पुन निर्माण भै रहेका छन् । पुरातत्व विभागबाट निर्माण हुने भनि बजेट समेत विनियोजन भै सकेका सुलिकोट, शिवमन्दिर, महाकाली मन्दिर र सेतिदेवी मन्दिर निर्माण कार्य भने सम्बन्धित निकायले कार्यान्वयनमा ल्याउन सकेन, संभवत कोरोनाको कारण सिर्जित समस्याले यस वर्षमा ति मन्दिरहरूको निर्माण कार्य शुरू नहुने निश्चित प्राय भएको छ । दुतिको खाडाँदेवी मन्दिर निर्माण कार्य सम्पन्न हुनलागिरहेको छ । त्यसैगरी वडा नं ८ मा बुद्ध मुर्ति स्थापना भै सकेको, पाथिभारा पदमार्ग र मन्दिर वडा नं. ६ मा निर्माण कार्य क्रमागत रूपमा अगाडी बढि रहेको छ भने वडा नं ४ बाट शुरू भै वडा नं १ साँगासोती लौरे हुँदै वडा नं २ दुती शैलुङ जान १७ कि.मि. लामो पर्यटकीय पदमार्ग, लौरेमा पिकनिक स्पोट निर्माणको कार्य क्रमागत रूपमा अगाडी बढि रहेको छ भने वाङथलीका कालीदेवी मन्दिर निर्माण कार्य सम्पन्न भई सकेको छ । ठेकेदारका कारण भ्यूटावर बन्न सकेको छैन र कारवाहीको प्रकृया अगाडी बढाइएको छ ।

**शिक्षाः–** यस गाउँपालिकाभित्र ५९ वटा विद्यालय रहेकोमा प्रा.वि. र नि.मा.वि. मर्ज भै हाल १२ वटा मा.वि., ६ वटा नि.मा.वि. र २१ वटा प्रा.वि. संचालित छन् । अझै कतिपय विद्यालयहरू मर्ज गर्नुपर्ने अवस्थामा छन् । विद्यालयका भौतिक पुर्वाधारहरूमा आधुनिक खालका सुविधा सम्पन्न भवनहरू निर्माण भै रहेका र ४ वटा मा.वि. हरूमा प्राविधिक शिक्षा संचालन भै रहेको, कृषि तर्फ डिप्लोमा समेत संचालन भएको १ क्याम्पस रहेको गाउँपालिकामा प्राविधिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि ५०% छात्रवृद्धि दिने व्यवस्था हरेक वर्ष भई रहे सँगै Science का विद्यार्थीहरूलाई समेत ५०% छात्रवृद्धि दिदै आएको र १ कक्षा देखि English मिडियमबाट अध्यापन गर्ने कुरा शुरू गरि हाल ३ कक्षा सम्म पुगेको र पाठ्य पुस्तकको व्यवस्था समेत गरिएको छ । शिक्षाको गुणस्तरलाई विकास गर्न नयाँ शिक्षण क्रियाकलाप र प्रविधिलाई प्रयोग गरिएको छ । क्रमश शैक्षिक क्षेत्रमा गुणस्तरियता कायम गर्ने कार्य धिमा गतिमा अघि बढिरहेको छ । SEE र +२ मा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीहरूलाई दिइने नगद पुरस्कारले विद्यार्थीहरूमा सर्वोत्कृष्ट हुने भावना जागेको छ र साक्षर चौंरीदेउराली गाउँपालिका घोषणा भै सकेको छ ।

**स्वास्थ्यः**- ९ वटा वडामा ८ वडामा स्वास्थ्य संस्था रहेको र सबै स्वास्थ्य चौकीबाट नियमित सेवा प्रदान गरिरहेको छ । ४ नं वडामा स्वास्थ्य चौकी नभएको हुँदा स्थापना गर्नको लागि भवन निर्माण कार्य भई रहेको हुँदा आगामी आर्थिक वर्ष भित्र निर्माण कार्य सम्पन्न गरी सेवा संचालन हुनेछ । धुसेनी शिवालय स्वास्थ्य चौकीलाई अस्पतालमा अपग्रेड गरि डाक्टर सहितको सेवा संचालन भै सकेको र अस्पतालको भवन निर्माण कार्य तिव्रतामा बढि रहेको छ । आगामी पौष, माघ भित्रै नयाँ भवनबाट स्वास्थ्य सेवा संचालन गरिने छ । स्वास्थ्य स्वयंसेवीकाहरूलाई प्रोत्साहन स्वरूप बैठक भत्ताको व्यवस्था चालु आ.व. बाट शुरू गरिएको छ । जसले गर्दा स्वयंसेविकाहरूमा उत्साह पैदा भएको अनुभुती गरेको छु । अस्पतालको लागि आवश्यक ल्याव, एक्सरे लगायत आवस्यक उपकरणहरूको व्यवस्था गरिएको छ । विविध प्राविधिक कारणले एक्सरे मेसिन संचालन हुन सकेको छैन भने ल्याव लगायत अन्य सेवाहरू नियमित संचालन भै रहेको र छिट्टै एक्सरे पनि संचालन हुन गई रहेको छ । कोरोना भाइरसबाट देखा पर्ने संक्रमणलाई रोकथाम गर्न गाउँपालिकाले ३० बेडको सुविधायुक्त क्वारेन्टाइनको व्यवस्था गरि प्रयोग समेत भै सकेको छ । कोरोना जोखिमबाट सर्तक रहदै निरन्तर सेवाको लागि गाउँपालिकाले स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहनको व्यवस्था चालु आ.व. को लागि गरेको छ । साथै गाउँपालिकामा संचालित DCWC अस्पताल र धुलिखेल अस्पतालका २ वटा शाखा मार्फत स्वास्थ्य सेवा प्रवाह भै रहेका छन् । ४ वटा एम्बुलेन्सले आकस्मिक सेवा प्रदान गरिरहेका छन् । गाउँपालिकाले सबै एम्बुलेन्सको संक्रमण प्रोटेक्सन तथा चालकहरूलाई प्रोत्साहन गर्ने कार्य गरिरहेको छ ।

**सडक पुर्वाधारः–** गाउँपालिका केन्द्र जोड्ने र जिल्ला सदरमुकाम जोड्ने सबै वडाबाट कच्ची सडकहरू संचालन भै रहेको र वर्षादको कारणले कतिपय सडकहरू अवरूद्द हुने भएता पनि प्रत्येक

वडाका अधिकांश टोलहरू सम्म कच्ची सडक संजाल पुगिसकेको छ । गाउँपालिकाको महत्वकांक्षी सडकको रूपमा रहेको चक्रपथ सडक जोडि सकिएको र कतिपय स्थानमा मध्य पहाडी लोक मार्गले गर्दा अवरूद्द स्थानमा मध्यपहाडी लोक मार्ग नै चक्रपथको लागि प्रयोग हुने भएको छ । समग्रमा चक्रपथको ट्रयाक जोडी सकिएको र स्तरोन्नति गर्दै स्थायित्व बनाउने कुरा बाँकी रहेको छ । अन्तर गाउँपालिका स्तरिय सडक संजालहरू हालसम्म कच्ची बाटोले संचालनमा रहेका छन् । अन्तर जिल्ला र गाउँपालिका जोड्नका लागी रामेछाप जिल्ला जोड्ने पक्की पुलहरू ३ वटा निर्माण सम्पन्न भै संचालनमा आएका छन् भने १ वटा निर्माण सम्पन्नको अन्तिम चरणमा छ भने बाँकी २ वटा निर्माणाधिन अवस्थामा रहेका छन् । त्यसै गरि ४ वटा झोलुङ्गे पुल संचालनमा आइरहेका छन् भने २ वटा निर्माणाधिन अवस्थामा रहेका छन् । खहरे बेसीमा पक्कि पूल निर्माण सम्पन्न भै संचालनमा आएको छ जसले तेमाल गाउँपालिका र सरदमुकामसम्म हाम्रो गाउँपालिकालाई जोडेको छ । गाउँपालिकाको ६, ७ र ८ नं वडालाई राष्ट्रिय गौरवको मध्य पहाडी लोक मार्गले समेटेको छ भने बाँकी वडाहरूलाई उक्त राजमार्गमा जोड्नका लागी लिङ्करोडहरू कतीपय बनेका र कतिपय बन्ने प्रकृयामा रहेका छन् । यसै गरी दोलालघाट-चौंरी-गुराँसे सडकको कोलाँती अरनिको मा.वि. सम्मको सडक खण्ड कालो पत्रेको लागि तयारी अस्थामा छ भने दोलालघाट-चौवास-मादन कुँडारी सडक पनि कालोपत्रे हुदै क्रमागत रूपमा अगाडी बढि रहेको छ । यो संगै छेडा-कुर्थली-सलम्बु-कोइली बगर सडक, वाङ्थली- नाग्रे- किल्पु- कोइलीवगर सडक, वाङ्थली- आलुङ -दुति कोइलिवगर सडक, भञ्ज्याङ्ग -धुसेनी- विला- पाङ्चेत सडक, खहरेवेसी- विर्ता- कात्तीके देउराली- गुन्सी सडक, भञ्ज्याङ्ग- कात्तिके- मादनकुडाँरी सडकहरू स्तरोन्नतीको कार्य हुँदै गई रहेको र नियमीत संचालनको क्रममा रहेको छन् । सडक पुर्वाधारको सवालमा कच्चिनै भए पनि सबैतिर सबै टोल सम्म सडक पहुँच पुगेको छ ।

**खानेपानी तथा सरसफाईः–** हाम्रो गाउँपालिकाका ६ वटा वडाहरूमा सुख्खा ग्रस्त क्षेत्र घोषणा भै खाने पानीको योजनाहरूमा Water Aid, कारीतास, एकिकृत शहरी विकाश केन्द्र लगायतका विभिन्न गैर सरकारी संस्था र प्रदेश, संघ र स्थानीय तह समेतको सहभागीतामा तिव्र गतिमा काम अगाडी बढि रहेको छ । गाउँपालिकाले आफ्नो प्राथमिकतामा खानेपानीलाई राखी ४ वर्ष भित्र एक घर एक धारा पुऱ्याई सक्ने रणनैनिक लक्ष्यका साथ कार्य अगाडी वढाई झण्डै दुई तिहाई जनसंख्यामा एक घर एक धाराको कार्यान्वयन भई रहेको र लामो दुरीका मुहानबाट ल्याईएका केही संचालित योजनाहरू मर्मत सम्भारका दृष्टिकोणले खर्चिलो हुने कारण केही जटिलता पैदा भएको छ । भालुखोला मादन कुडाँरी ११.५ कि.मि., चिसापानी मादन कुडारी झण्डै ८ कि.मि., जुगेपोले गोठपानी ६ कि.मि. , सुगुरे खोला विर्ता ७.५ कि.मि., भालुखोला माझिफेदा पहिलो ५ कि.मि. र भालुखोला माझिफेदा दोश्रो ६ कि.मि., सेराबेसी पोखरी डाडाटोल ४.५ कि.मि., जुवाने भैसीखोला लिफ्ट आयोजना ६ कि.मि. दुरीका खानेपानी योजनाहरू सम्पन्न भै संचालनमा आएका छन् । चौंरीखोला ढोकेडाँडा लिफ्ट खानेपानी निर्माणाधिनमै छ भने पाथिभरा लिफ्ट खानीपानी सम्पन्नको चरणमा पुगेको छ । यस

बाहेक डिप बोरिङहरू पनि संचालनको क्रममा रहेका छन् । स्थानीय स-साना मुहानहरूबाट समेत गरि हाल खानेपानी संचालन भै रहेकाछन् । सबैभन्दा ठुलो र महत्वपुर्ण आयोजना वृहद चौंरी खोला ढोकाडाँडा लिफ्ट खानेपानी र चौरीखोला पाथिभरा खानेपानी आयोजना सम्पन्न भै संचालनमा आँउदा हामीमा खानेपानी समस्या मुक्त गाउँपालिका घोषणा गर्न सक्ने दृढ विश्वास पैदा भएको छ । सिंगो गाउँपालिका खुला दिशामुक्त गाउँपालिका घोषणा भई सकेको कुरा सबैमा विदितै छ । आसा छ जनप्रतिनिधीहरू, कर्मचारीहरू र सम्पुर्ण उपभोक्ताहरूमा विषयवस्तु प्रतिको बुझाईमा एकरूपता र सबैको सक्रिय सहभागीता भएमा हामी आ.व. ०७७/०७८ को अन्त्य सम्ममा खानेपानी समस्या मुक्त गाउँपालिका घोषणा गर्ने छौ ।

**सिंचाईः–** कृषि योग्य भुमिलाई सिंचाई गर्ने परम्परागत तरिकालाई बदल्दै साना पानीका श्रोतहरूलाई जम्मा गर्ने सिंचाई पोखरीहरू, प्लास्टिक पोखरीहरू निर्माण भएका छन् । त्यसै गरि कुलोहरू मर्मत गर्ने, थोपा सिंचाईको प्रविधि लगायतका कार्यहरू शुरू गरिएको छ । सिंचाई मुहानको अभावमा थुप्रै उत्पादन योग्य जमिनहरू बाँझै रहेका र गरेकाहरूमा पनि उत्पादनहरू नहुने हुंदा कृषकहरूमा कृषि पेशा प्रति नै उदासीनता पैदा भएको अहिलेको परिवेशमा लिफ्ट सिंचाईको कार्य थालनी भएको छ । सम्भावीत इरीगेसन सिंचाईको लागि अध्ययन तथा योजना बनाउन कार्य हुंदै गई रहेको छन् । सिंचाईको क्षेत्रमा नयाँ र उल्लेखनिय प्रगती हुन सकेको छैन ।

**युवा तथा खेलकुदः–** गाउँपालिकाले आयोजना गर्ने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, अध्यक्ष गोल्ड कप र विद्यालयहरूले आयोजना गर्ने विविध प्रतियोगिताहरू युवा तथा विद्यार्थीहरूको सक्रिय सहभागीतामा सम्पन्न भएका छन् । सबै विद्यालयमा उपयुक्त खेल मैदान नभएका कारण घुम्ती प्रतियोगिताहरू गर्न सकिएका छैनन । १, २, ३, ४ र ५ वडाहरूमा वडा तथा गाउँपालिका स्तरिय खेल मैदानहरू रहेका छन् भने बाँकी वडाहरूमा खेल मैदान निर्माण गर्न सकिएको छैन । नभएका ठाउँमा खेलमैदान निर्माण गर्ने आवश्यकता हामीसंग रहेको छ । समग्रमा गाउँपालिका स्तरिय खेलकुद प्रतियोगिताहरूमा खेल प्रेमीहरूको सक्रिय सहभागिता सहित खेलकुदका कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न भएका छन् ।

**भवन तथा आवासः–** गाउँपालिकाको लागी व्यवस्थित प्रशासनिक भवन निर्माण गर्न सकिएको छैन यसको आवश्यक व्यवस्थापन हुन जरूरी छ । यस आ.व.मा वडा कार्यालयका भवनहरू मर्मत तथा ३ वटा निर्माणको लागि सम्झौता भै कार्य सुरू गरिएको छ भने २ वटा वडा कार्यालयका भवनहरू मर्मत संभारका कार्यहरू भै रहेका छन् । गाउँपालिका नजिकै रहेको ढाँडखर्क प्रावि मर्ज भै सकेपछि त्यहाँ रहेका ४ वटा भवनलाई न्युनतम सुविधा सम्पन्न हुने गरि कर्मचारी आवासको रूपमा प्रयोग गरिएको छ । गाउँपालिका रहेको कार्यालय भवनलाई आवश्यक पार्टेशन गरि हाललाई कर्मचारीहरूको थप कार्य कक्ष निर्माण गरिएको छ । १२ वटा मा.वि. हरूमा ए.डि.वि., शिक्षा विभाग, भारतीय सहयोग र विभिन्न संस्थाहरूले आधुनीक पक्कि भवनहरू आवश्यक्ता अनुसार निर्माण भएका

छन् । कतै निर्माणाधीन अवस्थामा रहेका छन् । साना कृषि उपज संकलन केन्द्र प्राय वडाहरूमा निर्माण भै रहेका छन् भने पालिका स्तरिय पक्कि भवन निर्माणको लागि ठेक्का सम्झौता भै सकेको छ ।

**उर्जा, लघु तथा साना जलविद्युतः–** यस गाउँपालिकामा राष्ट्रिय प्रशारण विद्युतीकरण नहुँदा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र समुदायको लागत सहभागीतामा संचालित ६ वटा लघु जलविद्युत आयोजनाहरू रहेका छन् । अहिलेको आवश्यकतालाई धान्न नसकी २ वटा बन्द भै रहेका छन् भने ४ वटा हाल सम्म संचालन भै रहेका छन् तर संचालित आयोजनाहरू मध्ये अहिले सम्म ५ नं वडाले मात्र त्यसैमा भर पर्नु परेको छ भने ८ वटा वडाहरूमा केन्द्रिय विद्युतिकरण लाईन प्रसारण भै सकेको छन् । राष्ट्रिय प्रशारण लाइनबाट कतै सामुदायिक विद्युतिकरण कतै केन्द्रिय प्रसारण मार्फत विद्युतीकरण भै सकेको छ । ५ नं वडामा पनि ठेक्का सम्झौता भएको तर ठेकेदारको कारण हालसम्म विद्युतिकरण हुन सकिरहेको छैन । २ वटा लघु आयोजनाले उक्त वडामा बत्ति बाल्ने कार्य भइ रहेको छ । ६ वटै लघु जलविद्युत आयोजनाहरूलाई मिनि ग्रीड बनाई संचालन गर्नको लागि गत वर्षमा अध्ययन भै सकेको र सब स्टेशन सम्म पुऱ्याउन लाग्ने लागत धेरै ठुलो हुने उत्पादनले धान्न नसक्ने प्राविधिक प्रतिवेदन आएको हुँदा ति सबै आयोजनाको भविष्य अन्यौलतमा रहेको छ । ति आयोजनाबाट उत्पादित विद्युत क्षमतालाई धान्न सक्ने पम्पिङ लिफ्टिङ लगायतको बैकल्पिक योजनाहरूको सम्भावित खोजी भै रहेको छ । सम्भव भएसम्म प्रयोगमा ल्याउने र असम्भव भए बन्द गर्नुको विकल्प हामीसंग छैन । यो संगै चौरीखोलामा ६ मेगावाट र ७ मेगावाट को २ वटा हाईड्रो पावरका योजनाहरू रहेका र निर्माणको प्रकृयामा रहेका छन् । यो बाहेक प्राय सबै मा.वि. हरूमा सोलार सिस्टमको ब्याकअप राखिएको छ भने २ वटा खानेपानी लिफ्ट योजना सोलार बाटै संचालित छन् । सम्भवत आ.व.०७७/०७८ मा बाँकी वडामा राष्ट्रिय विद्युत प्रसारण लाईन विद्युत सेवा संचालन हुनेछ ।

**सुचना तथा संचारः–** गाउँपालिका भित्र टेलिफोन सेवा ल्यान्ड लाईन विस्तार हुन सकेको छैन । मोबाइल सेवा संचालनमा रहेको छ । कतिपय ठाउँहरूमा राम्रो नेटवर्क नदिंदा समस्या हुने गरेको छ । सबै वडा कार्यालय र स्वास्थ्य चौकी र मा.वि.हरूमा नेपाल टेलिकमद्वारा निःशुल्क इन्टरनेट जडान गरी दिएको छ तर भरपर्दो सेवा प्रदान गरिरहेको छैन । त्यसकारण वैकल्पिक सेवा लिन गाउँपालिका र कतिपय विद्यालयहरू बाध्य भएका छन । सबै वडाहरूमा इन्टरनेट सेवा लाई भर पर्दो बनाउन सकिएको छैन । यद्यपि गाउँपालिकाको कार्यालय केही वडाहरूमा इन्टरनेट सेवा संचालन भै रहेको छ । गाउँपालिका र वडाहरूमा सि.सि. क्यामेरा जडान गरि संचालन भै रहेको छ । रेडियो एफ.एम. पत्रपत्रिकाहरू गाउँपालिकामा संचालन हुन सकेको छैनन ।

**राजस्व परिचालनको अवस्थाः–** आ.व. ०७६/७७ को लागि प्रक्षेपण गरिएको राजस्व संकलन हुन सक्ने सम्भावना असाध्यै न्युन रह्यो । हामिसंग रहेका दहत्तर बहत्तका ठेक्काहरू यस वर्ष लाग्न

सकेन र वैकल्पिक विधीहरू हामीले अवलम्बन गर्न पनि सकेनौ । शुरूमा IEE गर्दा मुख्य बजारलाई र ट्रान्सपोर्ट लाई ध्यान दिने कुरामा कमजोरी रहेको हो कि वा यहाँको माल कम गुणस्तरको भएर हो ३/३ पटक ठेक्का लगाउँदा पनि ठेक्का लाग्न सकेन । हामीकहाँ उत्पादन हुने मालले दोलालघाट, चेहेरे, इन्द्रावतीमा उत्पादित मालहरूसंग ढुवानीमा प्रतिस्पर्धा गर्नु पर्दा हाम्रो माल जान नसकेको निष्कर्ष तिर पुग्नु नै सहि हुन सक्छ । हामीले बजेट बनाउदै घाटा बजेट निर्माण गरेका थियौ । प्रक्षेपित राजस्व उठ्न नसक्नु र राजस्व बाँडफाँडबाट आउने रकममा पनि झण्डै पौने ३ करोड बजेट कटौती हुनुले राजस्व परिचालनको अवस्था दयनिय हुन पुगेको छ ।

यो समिक्षाको अत्यमा पहिलो वर्षदेखि यो चालु वर्ष सम्ममा गाउँपालिकाले तय गरेका योजनाहरू एकाध बाहेक समग्रमा सफलता पुर्वक सम्पन्न भएका छन् र गाउँपालिकाले नयाँ रूप र आकार ग्रहण गर्न लागेको देखिन्छ ।

**यस गरिमामय सभाका सभासदस्य ज्यूहरु,**

अब म आगामी आ.व. मा संचालन गरिने कार्यक्रमहरूलाई नीतिगत रूपमा मार्ग दर्शन गर्ने आधारहरू र वडाबाट छनौट भै आएका योजनाहरूलाई प्राथमिकताको आधारमा कार्यक्रम बनाई कार्यान्वयन गर्न जानका लागि तयार गरिने र गरिएका आधारहरूलाई यहाँहरू सामु राख्न गई रहेको छु । हामीलाई वित्तिय समानिकरण अनुदान सशर्त अनुदान, समपुरक अनुदान, राजस्व बाँडफाँडबाट आउने अनुदान विषेश अनुदान र आन्तरिक श्रोतबाट प्राप्त हुने रकम नै हाम्रो बजेट निर्माण गर्ने मुख्य आधाररश्रोतहरू हुन । हामीलाई प्राप्त भएको श्रोत र हाम्रा आवश्यकताहरूको विचमा निकै ठुलो खाडल रहेको छ । सिमित श्रोत र साधनबाट जनताका असिमित आवस्यकताहरू पुरा गर्नु निश्चय पनि कठिन हुन जान्छ । यति हुँदा हुँदै पनि हामीले प्राथमिकताको आधारमा योजना छनौट तथा बजेटलाई विनियोजन गर्नुपर्ने हुन्छ । यसका साथै एकवर्षे, बहुवर्षे, मध्यकालिन र दिर्घकालिन योनजनाहरू जो हाम्रो क्षमताभित्र पर्दैन, तिनीहरूलाई संघिय सरकार र प्रदेश सरकार समक्ष सिफारिस गर्ने योजनामा समावेश गरि वजेट विनियोजन गर्ने कुरालाई हामी सबैले पहल कदमी लिने कुरालाई केन्द्र विन्दुमा राख्नु पर्दछ । यस वर्षको लागि Covid-19 कोरोना भाइरसबाट जनसमुदायलाई सुरक्षित गर्ने र आवस्यक राहत तथा औषधी उपचार सहित क्वारेन्टाइन समेतको व्यवस्था गर्ने कुरालाई उच्च प्राथमिकतामा राखिने छ । त्यसपछि रोजगारी श्रृजना गर्ने गरि हाम्रो सन्दर्भमा कृषि तथा पशुपालन व्यवसायले प्राथमिकता पाउनु पर्दछ । हामीले प्राथमिकतामा राख्दै आएको खानेपानि, शिक्षा र पुर्वाधार विकासका क्षेत्रलाई क्रमशः प्राथमिकिकरण गर्न कोशिस गरीएको छ ।

**आदरणीय सदस्य ज्यूहरु,**

नेपालको संबिधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, वडा भेला बाट आएका बिभिन्न सुझाव र कार्यक्रमहरू तथा विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय आबधिक योजना एवं मूल्य मान्यता, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ तथा मार्गदर्शन, गाउँपालिकाको गुरुयोजना र जनतासँग निर्वाचनको बेला व्यक्त गरेका प्रतिवद्धता आदिको अधिनमा रही **समृद्ध नेपाल सुखी नेपाली**को नारालाई आत्मसात गर्दै आ.व. २०७७/०७८ को वार्षिक नीति, कार्यक्रम तथा बजेट निम्मानुसार पेश गर्न गइरेहेको छु । यो नीति तथा कार्यक्रम कार्यान्वयनको लागि ५२ करोड ३५ लाख ३ हजार बराबरको अनुमानित बजेट पेश गरिएको छ ।

## (क) कृषि, सिंचाई तथा पशुपालनः

यस गाउँपालिकाका अधिकांस जनताको जिविकोपार्जन तथा आयश्रोतको मूख्य आधारको रूपमा रहेको कृषि तथा पशुपालनको क्षेत्रमा यस अघि भएका नीति तथा कार्यक्रमलाई निरन्तरता दिँदै कृषि तथा पशुपालन क्षेत्रको थप व्यवसायीकरण गरि आयआर्जन वृद्धि गर्नको लागि **किसानसँग गाउँपालिका** कार्यक्रम संचालन गरिनेछ । जस अन्तर्गतः

१. यस गाउँपालिका क्षेत्रमा खपत हुने नेपाल सरकारका सम्बन्धित निकायबाट सिफारिस धान र मकैको बिउमा २५ प्रतिशत सम्म अनुदान व्यवस्था गरि किसानलाई खेतीको लागि प्रोत्साहन गरिनेछ ।

२. कोरोनाको विषम परिस्थितिको कारण शहरबाट बिस्थापित हुन सक्ने र विस्थापित भएका गाउँबाट शहर गई बिभिन्न साना तथा मझौला व्यवसायीहरू र विदेशबाट गाउँ फर्की कृषि तथा पशु व्यवसाय गर्न चाहने कृषि तथा पशु उद्यमीहरूलाई प्रोत्साहन गरिनेछ ।

३. किसानहरूलाई तरकारी फलफूल तथा नगदेबालीको व्यवसायिक उत्पादनको लागि प्रोत्साहन गरिनेछ।

४. यस अघि निर्माण सम्पन्न भएका वडा स्तरीय कृषि उपज संकलन केन्द्र र पालिका स्तरीय कृषि उपज संकलन केन्द्रको व्यवस्थित संचालन गरिनेछ ।

५. बाख्रापालनलाई थप उत्पादनमुखी बनाउन प्रत्येक वार्डमा कम्तीमा १-१ वटा उन्नत जातको बोको वा कृतिम गर्भाधान व्यवस्था गरी किसानलाई निःशुल्क बोकोको बिउ उपलब्ध गराइनेछ ।

६. न्यून आयश्रोत भएका किसानहरूलाई उन्नत बाख्रा पालनमा प्रोत्साहन गर्न बढीमा ५०% सम्म अनुदानमा सिफारिस गरिएको पाठी प्रतिपरिवार १/१ वटा वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

७. भैसीपालन गर्ने किसानलाई रू. १५०० ।- का दरले सुत्केरी भत्ता उपलब्ध गराइनेछ ।

८. सिंचाईको सुबिधा नपुगेका कृषियोग्य र उर्वर जमिन सिंचाईको लागि कुलो सिचाई, लिफ्ट सिंचाई वा आवश्यक सिंचाई पोखरी निर्माण गरी सिचाई सुबिधा उपलब्ध गराईनेछ ।

९. गाउँपालिका क्षेत्रमा देखिएको कृषि बिउ बिजनको अभाव र आयातलाई मध्यनजर गरी गाउँपालिका भित्रै उपयुक्त निश्चित जमिनको पाहिचान र व्यवस्थापन गरी धान र मकैको बिउ उत्पादन गर्न नेपाल कृषि अनुसन्धान परिषद (NARC) र कृषि ज्ञान केन्द्रसँग सहकार्य गरी बिउ उत्पादन गर्ने किसान र व्यवसायिक फर्महरूलाई प्रोत्साहन गरिनेछ ।

१०. यस गाउँपालिकामा संचालित सहकारीहरूमार्फत किसानहरूलाई सुलभ मूल्यमा समयमै मल उपलब्ध गराउन ढुवानी भाडामा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराईनेछ ।

११. गाउँपालिका भित्र रहेका सहकारीहरूलाई व्यवस्थित तवरले परिचालन तथा समन्वय गर्न गाउँपालिकास्तरीय सहकारी समन्वय समितिलाई आवश्यक सहयोग गरिनेछ ।

१२. कृषि आधुनिकीकरणको लागि कृषि उपकरणहरूः हाते ट्याक्टर, स्प्रे, पावर टेलर लगाएतका सामाग्रीहरूमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराईनेछ ।

१३. यस गाउँपालिकाका विभिन्न वडाहरूमा कहाँ कुन प्रकारको खेती तथा व्यवसाय हुन्छ त्यसको अध्ययन गरी उक्त क्षेत्रलाई पकेट क्षेत्र घोषणा गरी सिफारिस गरिएको वाली व्यवसायलाई मात्र अनुदान सहयोग उपलब्ध गराउन अध्ययन अनुसन्धान गरिनेछ ।

१४. पशु तथा कृषिवालीमा लाग्ने महामारीजन्य रोग तथा किटहरूबाट किसानको बाली तथा पशु सुरक्षणको लागि आवश्यक किटनाशक औषधी भ्याक्सिन आदी व्यवस्था गरिनेछ ।

१५. पशु विमाको लागि किसानलाई ५० प्रतिशत सम्म अनुदान व्यवस्था गरिनेछ ।

१६. भूमी बैक स्थापना गरि बाँझो र सार्वजनिक जमिनको उपयोग बढाई उत्पादनमा जोड दिईनेछ ।

**(ख) शिक्षाः**

**आदरणीय उपस्थित महानुभावहरू,**

१७. यस गाउँपालिकाभित्रका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धी गर्न आवश्यक कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१८. यस गाउँपालिकामा रहेका प्राविधिक तथा विज्ञान संकायका विद्यालय र कलेजमार्फत विद्यार्थीहरूलाई विगतदेखी उपलब्ध गराईएको छात्रवृद्धी कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१९. यस गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययन गरी +२ मा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने १ जना छात्रतर्फ र १ जना छात्रातर्फबाट गरि जम्मा २ जनालाई रू २५ हजारका का दरले विद्यार्थीलाई र २५ हजारका दरले सम्बन्धित विद्यालयलाई पुरस्कार उपलब्ध गराईनेछ ।

२०. आवश्यक न्यूनतम विद्यार्थी संख्या भन्दा कम बिद्यार्थी भएका विद्यालयहरूलाई मर्ज गरी शिक्षक दरबन्दीलाई आवश्यकतानुसार मिलान गरिनेछ ।

२१. विद्यालयको शिक्षा प्रभावकारी बनाउनको लागि विद्यालय व्यवस्थापन समितिलाई थप सक्रिय र उर्जाशील बनाउन आवश्यक कदम चालिनेछ ।

२२. विज्ञान विषय अध्यापन गराउने शिक्षकको अस्थाई र करार नियुक्ती सम्बन्धमा पटक पटक विज्ञापन गर्दा पनि शिक्षण अनुमति पत्रका कारण दरखास्त नपरी शैक्षिक सत्र भरी नै दरबन्दी खाली रहने गरेको हुँदा दोश्रो पटकदेखिको विज्ञापनमा सो शिक्षण अनुमति पत्र अनिवार्य गरिने छैन ।

२३. मातृभाषामा पठन पाठन गर्नको लागि विद्यालय तथा समुदायको मागको आधारमा आवश्यक व्यवस्था मिलाइनेछ ।

२४. विद्यार्थीहरूको सिर्जनशील प्रतिभा पहिचान र प्रस्फुटनको लागि आवश्यक अतिरिक्त क्रियाकलाप संचालन गरिनेछ ।

**ग. खानेपानी तथा सरसफाईः**

२५. विगतका वर्षहरूदेखि लागू भई कार्यान्वयनमा आएको एक घर एक धारा कार्यक्रमको बाँकी कार्यभार पूरा गरिनेछ ।

२६. वृहद चौंरी खोला ढोके डाँडा लिफ्टीङ खानेपानी आयोजना समयमै सम्पन्न गर्न आवश्यक पहल गरि कार्यक्रम अगाडी बढाईने छ ।

२७. चौंरीखोला पाथिभरा लिफ्टिङ खानेपानी आयोजनाको कार्य सम्पन्न तथा आयोजना व्यवस्थापनको लागि आवश्यक कदम चालिनेछ ।

२८. बिभिन्न ठाऊमा कार्य सम्पन्न गर्न बाँकी डिप बोरिङ्ग खानेपानी आयोजनाको लागि नेपाल बिद्युत प्राधिकरणमार्फत पावर व्यवस्थापन गरी कार्य सम्पन्न गरिनेछ ।

२९. प्रत्येक वडामा समग्र वडास्तरीय खानेपानी उपभोक्ता मूल समिति गठन गरी टोल टोलमा उपसमितिहरू निर्माण गरी खानेपानीको वितरण र उपभोगलाई व्यवस्थित गरिनेछ ।

## घ. युवा तथा खेलकुदः

३०. युवाहरूलाई खेलकुदतर्फ आकर्षित गराई पालिका स्तरीय अध्यक्ष गोल्डकप, राष्ट्रपति रनिङ शिल्ड लगाएतका विभिन्न खेलकुद प्रतियोगिता संचालनलाई निरन्तरता दिईनेछ ।

३१. युवाहरूलाई व्यवसायिक ढंगले स्वरोजगार बनाई बिभिन्न व्यवसायमा जोड्नको लागि बिभिन्न निकायसँग समन्वय गरी दक्षता अभिवृद्धी तालिम संचालनमा जोड दिइनेछ ।

३२. माध्यामिक विद्यालयहरूमा आवश्यकतानुसार व्यवस्थित खेलमैदान विकास गरिनेछ ।

३३. निर्माणाधिन प्रदेश स्तरीय रंगशालाको निर्माणलाई निरन्तरता दिई छिटो सम्पन्न गर्नको लागि आवश्यक कदम चालिनेछ ।

## ङ. संस्कृति तथा पर्यटनः

३४. गाउँपालिका भित्रका आर्थिक तथा साँस्कृतिक महत्वका यस गाउँपालिका क्षेत्रमा रहेका संभावित पर्यटकीय स्थानमा आवश्यक पर्यटन पूर्वाधार विकास गरी होम स्टे संचालनको लागि प्रोत्साहन गरिनेछ ।

३५. निर्माणाधिन भ्यू टावरको निर्माण सम्पन्न गरि सो स्थानलाई पर्यटकीय गन्तव्यको रूपमा व्यवस्थित गरिनेछ ।

३६. गाउँपालिकाभित्रका पर्यटकीय रूटहरू जोडिएको पर्यटकीय नक्सा निर्माण गरी ब्रोसर, ट्रेकिङ म्याप आन्तरिक तथा वाह्य पर्यटकहरूमा वितरण गरिनेछ ।

## च. स्वास्थ्यः

३७. कोरोना लगाएत अन्य महामारीको  बढ्दो जोखीम तथा संक्रमण न्यूनीकरणको लागि सचेतना कार्यक्रम संचालन गर्ने व्यवस्था गरिनेछ ।

३८. बढ्दो कोरोनाको संक्रमण न्यूनीकरणको लागि प्रत्येका वडामा आधारभूत सुबिधा सहितको क्वारेन्टाईनको व्यवस्थापन गरिनेछ ।

३९. कोरोनाबाट संक्रमित बिरामीको उपचारको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

४०. सबै वडाहरूमा रहेका स्वास्थ्य चौकीहरूमा आवश्यक जनशक्ति तथा औषधीहरूको यथेष्ट व्यवस्था गरी प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

४१. धुसेनी शिवालय प्राथमिक अस्पतालको निर्माण कार्य यथासंभव छिटो सम्पन्न गरी नयाँ भवनबाट सेवा प्रवाह गरिनेछ ।

४२. वडा नं ४ मा पक्की स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्न गरी आवश्यक कर्मचारीको बन्दोबस्त सहित सेवा संचालन गर्ने कार्यलाई प्राथमिकताका साथ लागू गरिनेछ ।

४३. खोप केन्द्रका साना भवन तथा स्टलहरू नभएको वडाहरूमा क्रमशः खोप केन्द्र बनाउदै लगिनेछ ।

४४. यस गाउँपालिकाका मोतियाबिन्दु लागेका ७० वर्ष उमेर कटेका जेष्ठ नागरिकहरूको लागि निःशुल्क अपरेसन गर्ने व्यवस्था मिलाईनेछ ।

४५. यस गाउँपालिकाका ७० वर्ष उमेर कटेका जेष्ठ नागरिकहरूको लागि यस गाउँपालिकाभित्र रहेका स्वास्थ्य चौकी तथा अस्पतालहरूबाट उपलब्ध हुने उपचार खर्च र औषधी निःशुल्क गरिनेछ ।

४६. ६० वर्ष उमेर पुगेका महिला स्वंसेवीकाहरूलाई सम्मान स्वरूप रू. १५०००।– एकमुष्ठ प्रदान गरि बिदाई गरिनेछ । साथै स्वयंसेविकाहरूलाई दिदै आएको प्रोत्साहन भत्तालाई यथावत गरिएको छ ।

४७. प्रदेश सरकारको सहकार्यमा सामुदायिक विद्यालयहरूमा स्वास्थ्यवर्थिङ सेन्टरमा काम गर्ने कर्मचरीलाई सुत्केरी गराएवापत प्रति सुत्केरी रू. ५००का दरले प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

४८. यस गाउँपालिका क्षेत्रमा संचालित सबै खालका सार्वजनिक एम्बुलेन्स सेवालाई व्यवस्थित संचालन गर्न आवश्यक कार्यबिधि बनाई लागू गरिनेछ ।

४९. गाउँपालिका भित्र रहेका DCWC अस्पताल र धुलेखेल अस्पतालका शाखाहरूमार्फत हुने सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

५०. स्वास्थ्य विमा गर्ने कार्यलाई थप प्रोत्साहन गरी जनसमूदायको स्वास्थ्य सुरक्षा गर्न जोड गरिनेछ ।

५१. अपांगता, आँखा, नाक, कान, घाँटी, दाँत र पाठेघर सम्बन्धी रोगहरूको लागि आवश्यकतानुसर स्वास्थ्य शिविर संचालन गरिनेछ ।

## छ. सूचना तथा संचारः

५२. सबै वडा तथा वडा कार्यालयहरूमा व्यस्थित सूचना तथा संचारको लागि प्रभावकारी ईन्टरनेट सुबिधा उपलब्ध गराइ पंजीकरण लगाएतका सेवा प्रवाह अनलाइन गर्न आवश्यक पहल गरिनेछ ।

५३. माध्यामिक विद्यालयहरूमा प्रभावकारी सूचना तथा संचार प्रविधि विस्तारको लागि आवश्यक पहल गरिनेछ ।

५४. यस गाउँपालिकामा FM रेडियो संचालन, आवश्यक मोवाइल टावरहरू जडानको लागि सरोकारवाला, NTC, NCELL लगाएतसँग सहकार्य गरी अघी बढिनेछ ।

## ज. सडक तथा भौतिक पूर्वाधारः

५५. यस गाउँपालिकाभित्रका सबै वडाहरूमा र प्राय टोल टोलसम्म सडक संजाल पुगिसकेको छ ।ति सबै सडकहरूलाई दिगो संचालन र व्यवस्थापनको लागि सडक नाली निर्माण कार्यमा जोड गरी सडकलाई १२ महिना चल्ने गरि स्तरोन्नतीको गर्ने कार्यमा जोड दिईनेछ ।

५६. जिल्ला सदरमुकाम जोड्ने र अन्तरजिल्ला एवं अन्तरगाउँपालिका जोड्ने मुख्य सडकहरूः दोलालघाट-चौवास-वाङ्थली-आलुङ-दुती जोड्ने सडक, दुधगाउँ-छेडा-कुर्थली हुँदै काफ्ले कोइलीबगर सडक, वाङ्थली-नाग्रे-किल्पु सडक, खहरेवेसी-विर्ता-गोठपानी-कार्तिके देउराली- गुन्सी सडक, धुसेनी- विला-पाङ्चेत सडकलाई स्तरोन्नती गरि कालोपत्रे गर्नका लागि संघ र प्रदेशसँग पहल गरिनेछ ।

५७. दोलालघाट-कोलाती-चौरी- गुरासे सडक खण्डको निर्माणाधिन कोलाती-अरनिको मावि खण्ड कालोपत्रे गर्ने कार्यलाई यसै वर्ष सम्पन्न गर्न आवश्यक पहल गरिनेछ ।

५८. दोलाघाट-चौवास-मादनकुडारी सडक खण्डको भुम्लु-चौवास-ढाँडखर्क-मादनकुँडारी सडकखण्ड कालोपत्रे गर्ने कार्य सुरू गर्न आवश्यक पहलकदमी लिईने छ ।

५९. गाउँपालिकाको चक्रपथ सडकलाई आवश्यक थप स्तरोन्नती गरी यसै आ.व. बाट संचालनमा ल्याइनेछ ।

६०. मध्यपहाडी लोकमार्गलाई वडा नं ५ राम्चे सम्म ल्याउन पहल गरी अरनिको मावि -राम्चे हुँदै मध्यपहाडी लोकमार्ग जोड्ने सडक खण्डलाई स्तरोन्नती गरी कालोपत्रे गर्न आवश्यक व्यवस्था गरिनेछ ।

६१. वडा नं १,२,३,४ लाई मध्यपहाडी लोकमार्गसँग जोड्ने लिंक रोड बनाउन पहल गरिनेछ ।

६२. रामेछाप, दोलखा, सिन्धुपाल्चोक जिल्ला एवं प्रदेश सरकारसँग समन्वय गरि मध्य पहाडी लोकमार्गलाई लिंक गर्ने र चौरी खोला कोरिडोरलाई लामावगर (अपर तामाकोशी) चिनिया नाकासम्म पुऱ्याउन प्रदेश र संघसँग आवश्यक पहल गरिनेछ ।

६३. टोल टोल जोड्ने सडक र कृषि सडकहरूलाई विस्तार गरी भैरहेका सडकहरूलाई स्तरोन्नती कार्यलाई प्राथमिकतामा राखी अगाडी बढाईनेछ ।

६४. गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि आवश्यक जग्गा व्यवस्थापन गरी भवन निर्माण कार्यलाई प्राथमिकतामा राखी अगाडी बढाइनेछ ।

६५. निर्माणाधिन वडाकार्यालयको भवन हरूको समयमै निर्माण सम्पन्न गरिनेछ र बाँकी भवन नभएको वडाकार्यालयको भवन निर्माण कार्यलाई तदारूकताका साथ अगाडी बढाईनेछ ।

६६. एकिकृत वस्ति तथा सहर विकासको अवधारणा लागू गर्न आवश्यक कार्य अगाडी बढाइनेछ ।

६७. यस गाउँपालिकाका सबै घरधुरीमा राष्ट्रिय प्रसारण लाईनबाट बिद्युतीकरणको कार्य अधिकतम सम्पन्न भईसेकेकोमा अन्तिम चरणमा रहेका वडा नं ३ र ५ मा बाँकी रहेको कार्य यथासंभव सम्पन्न गर्न आवश्यक कदम चालिनेछ ।

६८. सुधारिएको चुलो, वायोग्यास र सोलार जस्ता वातावरणमैत्री स्वच्छ ऊर्जा प्रविधिको प्रवर्द्धनको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

## झ. वातावरण तथा विपत व्यवस्थापनः

६९. संभावित विपदलाई मध्यनजर गरी गाउँपालिकास्तरीय र वडास्तरीय विपद व्यवस्थापन समितिलाई अझै संस्थागत र व्यवस्थित बनाई सक्रिय बनाईने छ ।

७०. संभावित कोरोना तथा अन्य आकस्मिक विपदलाई मध्यनजर गरी विपद व्यवस्थापन कोषमा यथेष्ट रकम विनियोजन गरिनेछ । सो रकम सम्पूर्ण रूपमा खर्च नभई मौज्दात रहने अवस्थामा नियमानुसार विकास निर्माणका अन्य कार्यक्रममा विनियोजन गर्ने व्यवस्था मिलाईनेछ ।

७१. वातावरणीय सन्तुलनलाई ध्यानमा राखी सडक तथा भौतिक पुर्वाधार निर्माण एवं विकास कार्यलाई अगाडी बढाईनेछ ।

७२. यस गाउँपालिका क्षेत्रका सामुदायिक वनहरूको दिगो उपयोग तथा व्यवस्थापनको लागि आवश्यक नीति बनाई लागू गरिनेछ ।

## ञ. सुशासन तथा संस्थागत विकासः

**आदरणीय सभासदस्य ज्यूहरु,**

७३. सुशासन तथा संस्थागत विकासको लागि गत वर्ष पारित गरिएका नीति तथा कार्यक्रमलाई कडाईका साथ लागू गरिनेछ ।

७४. प्रत्येक वर्ष कर्मचारी दिवस वा गणतन्त्र दिवश अन्य कुनै दिवश वा समारोह पारेर उत्कृष्ट काम गर्ने कर्मचारीहरू तिन जनालाई पुरस्कृत गरिनेछ ।

७५. गाउँपालिकाको जग्गाको दर रेट कायम गर्न आवश्यक प्रकृया अगाडी बढाइने छ ।

७६. न्यायीक समिति र मेलमिलाप केन्द्रलाई व्यवस्थित गरी क्षमता अभिवृद्धि गर्नको लागि आवश्यक व्यवस्था गरिनेछ ।

७७. गाउँपालिका वडा र विभिन्न सार्वजनिक निकायको लागि निःशुल्क जग्गा-दान गर्नेहरूलाई सम्मान गर्ने कार्यका थालनी गरिनेछ ।

७८. प्रत्येक वडा कार्यालयहरूले आफ्नो वडा भित्र परेका विकास निर्माण लगायतका १ वर्षिय योजना कार्यान्वयनको लागि त्रैमासिक वा चौमासिक योजना बनाई गाउँपालिकामा पेश गर्नुपर्ने छ । सो अवधि भित्र योजना कार्यान्वयन र सम्पन्न नगरेमा अध्यक्षले सोझै रकमान्तर गरी अन्य योजनाहरूमा पठाउन सकिनेछ ।

७९. गाउँपालिका भित्र हुने सम्पुर्ण विकास योजनाहरूको कडा अनुगमन गर्ने ब्यवस्था गरिएको छ । उपभोक्ता समिति निर्माण गर्दा सार्बजनिक अनुगमन समिति गठन गर्ने र उसको सिफारिसमा मात्र भुक्तानि दिने ब्यवस्था गरिएको छ ।

८०. ५ लाख भन्दा माथि विकास निर्माणका योजनाहरूलाई ठेक्काकोटेशन मार्फत पनि पठाउने ब्वस्था गरिएको छ ।

८१. गाउँपालिका भित्र संचालनहुने डोजर स्काभेटर जस्ता हेभी ईक्वीमेन्टहरूलाई सूचिकृत गर्ने र मनपरि भाडा ज्याला असुल गर्ने प्रकृयालाई नियन्त्रण गर्न भाडद र कोटेशन माग गरिनेछ ।

८२. सूचिकृत नभएको र कोटेशन प्राप्त नगरेका साधनहरूलाई गाउँपालिका भित्र काम गर्ने अनुमति नदिने नीति लिईएको छ ।

८३. गाउँपालिका भित्र रहेका सबै उद्योग ब्यापार ब्यवसायीहहरूलाई आफ्नो ब्यवसाय दर्ता, नवीकरण गर्न निश्चित अवधि दिईने छ र उक्त अवधि नाघेपछि दर्ता गर्दा दर्ता अबिलम्ब शुल्क समेत लिई दर्ता गरिनेछ ।

८४. सबै उद्योग ब्यवसायीहरूलाई करको दायरा भित्र ल्याईने छ । ऋणमा काम गर्ने र विकास अनुदानको सहि सदुपयोग नहुने प्रबृत्तीलाई अन्त्य गर्न यस बर्ष देखि उधारो काम गर्ने प्रथालाई अन्त्य गरिएको छ । उधारो काम गरेको वा ऋणमा काम गरेको भुक्तानी गरिने छैन ।

८५. विकास निर्माणका योजनाहरूको सार्वजनिक सुनुवाई अध्यक्ष,उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतर र योजना अधिकृतको प्रत्यक्ष उपस्थितिमा नगरेसम्म भुक्तानी गरिने छैन ।

८६. गाउँपालिका भित्र हाल सम्म संचालनमा रहेका खानेपानी उपभोक्ता समुहहरूको तथ्याङ्क लिने र खाने पानी तथा सरसफाई योजनाहरूलाई ब्यवस्थित नियमित र नियन्त्रण गर्न गाउँपालिका स्तरिय एक खानेपानी बोर्ड समिति वा समन्वय समिति गठन गरिने छ ।

८७. राजश्व असुली, कर र सेवा शुल्क असुली गर्ने कार्यलाई निश्चित समय निर्धारण गरी अभियानको रूपमा सञ्चालन गरिनेछ ।

८८. प्राकृतिक श्रोत र साधनको अध्ययन अनुसन्धान गरि परिचालन गर्नको लागि आवस्यकता अनुसार खोला बगरहरूको र पहाडहरूको IEE गराउने ब्यवस्था गरिने छ ।

८९. आ.व. ०७७/०७८ को दहत्तर बहत्तर उठान सवारी कर निकासी पैठारी सेवा शुल्क आदि उठाउन टेन्डर/कोटेशन/अमानत द्वारा गर्ने व्यवस्था गरिनेछ ।

९०. समाजमा देखिएका गरिबी, सामाजिक अराजकता तथा उदण्डता, घरेलु तथा महिला हिंसा, सामाजिक विकृति, विसंगति, सामाजिक असहिष्णुता र झै झगडा एवं स्वास्थ्य जोखिमलाई मध्यनजर गर्दै यस गाउँपालिका क्षेत्र भित्र जाँड रक्सी एवं सबै खाले घरेलु तथा आयातित मादक पदार्थको ओसारपसार, व्यवसायिक उत्पादन र किनबेचलाई पूर्ण रूपमा प्रतिबन्धित गरि निषेध गरिनेछ । सो को कार्यान्वयनको लागि आवश्यक संयन्त्र बनाई कदम चालिनेछ ।

९१. कार्यपालिका र गाउँसभाले पारित गरेको ऐन कानुन नियम नियमावलिहरू र कार्य बिधिहरू सबै राजपत्रमा प्रकाशित गर्ने व्यवस्था गरिने छ ।

९२. आ.व. को अन्तिम व्यवस्थापन आएर योजनाहरूको फरफारक गर्ने र भुक्तानी लिने प्रक्रियालाई अन्त गरी यो आ.व. देखि जेठ १५ गतेसम्म मात्र भुक्तानी दिइने छ ।

९३. गाउँपालिका भित्र सञ्चालन रहेका राष्ट्रिय स्तरका केन्द्र र प्रदेश सरकारबाट सञ्चालित योजनाहरू निर्माण प्रक्रियामा रहेका र ठेक्का लागेका योजनाहरूको अनुगमन गर्न दक्ष प्राविधिक सहितको १ शक्तिशाली अनुगमन समिति गठन गरिनेछ ।

९४. उचित स्थानमा बसपार्क निर्माण गर्नको लागि आवश्यक पहलकदमी लिइने छ ।

९५. बजार र जनघनत्वको चाप रहने र रहेका स्थानहरूमा डम्पिङ साइड निर्माणको अध्ययन थालिनेछ ।

९६. पानीका श्रोत तथा मुहानहरूको संरक्षण गर्न रिचार्ज पोखरीहरू निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।

९७. नागरीक वडा-पत्र सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, विद्युति प्रणालिको प्रयोग आदि माध्यमबाट शुसासन कायममा जोड दिईनेछ ।

९८. असार २५ गते भित्र हरेक चालु आ.ब को राजश्व दाखिला नगर्ने वडाहरूको बजेट विनियोजनमा ५० प्रतिशत कटौतिगरी अन्यत्र लगानी गरिनेछ ।

९९. गाउँपालिका र वडा कार्यालयहरूबाट हुने सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन आवश्यक कदम चालिनेछ ।

१००. वडा कार्यालय संचालन र थप सहयोगि कर्मचारीको व्यवस्थापनको लागि वार्षिक अधिकतम रू. ५ लाख सबै वडाकार्यलयहरूलाई व्यवस्थापन गरिनेछ ।

१०१. गाउँपालिकाको सेवा प्रहाव चुस्त दुरूस्त र आधुनिकीकरण गरी विकास निर्माण कार्यलाई प्रभावकारी रूपमा संचालन र सम्पन्न गर्ने कार्यलाई सघाउन अनुभवी र विषय विज्ञ प्राविधिक सल्लाहकार नियूक्त गरिनेछ ।

१०२. गाउँपालिकाबाट संचालन हुने सम्पूर्ण विकास निर्माण तथा कार्यक्रमहरुको पारदर्शिता, गुणस्तरीयता, गुनासो सुनुवाई र विश्वसनीयता कायम गर्न आवश्यक कदम चलिनेछ ।

१०३. गाउँपालिकाको कार्यालय, वडा कार्यालय, अस्पताल तथा स्वास्थ्य चौकी, सामुदायिक विद्यालय लगाएतका सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयका कर्मचारीको कामको मूल्यांकन गरी उचित पुरस्कार तथा दण्ड सजाय व्यवस्था गरिनेछ ।

१०४. सर्वाङ्गीण विकासका विभिन्न विषयमा विज्ञता तथा अनुभव हासिल गरेका यस गाउँपालिका भित्रका विज्ञ समूहहरुको त्जष्लप त्बलप समूह गठन गरी आवश्यकता अनुसार परिचालन गरिनेछ ।

१०५. गाउँपालिकाको विकासका लागि गाउँपालिकाका राजनैतिक दल, सामाजसेवी, नागरिक अगुवा, पत्रकार, नागरिक समाज, सरकारी तथा गैर सरकारी संस्था, छिमेकी स्थानीय तह, निजि क्षेत्र लगाएतकाका सरोकारवालहरूँग आवश्यक सहकार्य र समन्वय गरिनेछ ।

अन्तमा, यो नीति, कार्यक्रम तथा बजेटको निर्माणको लागि सुरूदेखि नै सक्रिय सहभागि भई अमूल्य राय सुझाव प्रदान गर्ने सम्पूर्ण सभा सदस्य ज्यू हरू, कर्मचारी मित्रहरूलाई हार्दिक धन्यबाद दिँदैयहाँहरूको गरिमामय उपस्थितिप्रति आभार व्यक्त गर्दै अहिलेलाई बिदा हुन्छु । धन्यबाद !!

मितिः- २०७७ ।०३ ।१०

**दिननाथ गौतम**

**अध्यक्ष**

# चौरीदेउराली गाउ/पालिकाको छैठौं गाउँसभामा आ.व. २०७७/०७८ बजेट वक्तव्य

चौरीदेउराली गाउँपालिकाको छैठौं गाउँसभाका श्रद्बेय सभाध्यक्ष एवम् यस गाउँपालिका अध्यक्ष महोदय,प्रमुख अतिथि संघीय प्रतिनिधि सभाको माननीय सांसद् गंगाबहादुर तामाङ ज्यू, विशेष अतिथि एवम् वागमती प्रदेशका प्रदेश माननीय सांसद् रत्न ढकालज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरू, गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरू, पत्रकारहरू, कर्मचारी मित्रहरू, लगायत यो ऐतिहासिक सभामा उपस्थित सम्पूर्ण महानुभावहरू सबैमा न्यानो अभिवादन सहित हार्दिक स्वागत गर्दछु । कोभिड १९ ले मुलुकलाई थिलथिलो पारिएको यो विषम परिस्थितिका बीच आगामी आर्थिक वर्ष २०७७/७८ को बजेट प्रस्तुत गर्न म यहाँ उभिएकी छु । यस घडीमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू तथा निरंकुशताको विरध्द जीवन पर्यन्त संघर्ष गरी दिवंगत नेताहरू प्रति भावपूर्ण श्रद्धाञ्जी अर्पण गर्दछु ।

**श्रद्धेय अध्यक्ष ज्यू,**

विश्वव्यापी रूपमा फैलिएको कोरोना रोगका कारण संसारले एकै पटक मानवीय र आर्थिक संकट सामना गर्नु परेको छ । जसबाट हाम्रो गाउँपालिका पनि अछुतो रहेन । यसले हाम्रो अर्थतन्त्रको प्रमुख क्षेत्रहरूमा समेत गम्भीर असर पार्ने सम्भावना छ ।यस गाउँपालिकाको न्युन आन्तरिक स्रोत र नेपाल सरकारबाट प्राप्त वित्तिय समानीकरण,राजस्व बाडँफाड तथा सशर्त अनुदानबाट गाउँपालिकाको बजेट निर्माणको प्रक्रिया देखि कार्यान्वयनको स्तरसम्म आईपुग्दा गत आ.व. को नीति, कार्यक्रमतथा बजेट सफलता पूर्वक कार्यान्वयन भएको कुरा गौरवका साथ यस उल्लासमय सभामा राख्नो पाँउदा हर्षित भएकी छु ।

विभिन्ना कठिनाई र चुनौती बिच बाट गत वर्ष प्रक्षेपण गरिएको आन्तरिक स्रोतलाई आ.व. को अन्तिमसम्म आईपुग्दा गत आ.व. को प्रक्षेपण रू. १ करोड २६ लाख १० हजार मध्ये कुल आन्तरिक राजस्व तथा ठेक्का आय रू. ४१ लाख ६१ हजार संकलन भएता पनि वित्तिय समानिकरण, राजश्व बाँडफाँड, आन्तरिक श्रोत समेतको अल्या गरी ७६ लाख ७० हजार समेत आन्तरिक श्रोतको रूपमा कुल ज्ञ करोड १८ लाख ३१ हजार आम्दानी भएको सम्मानित सभालाई जानकारी गराउन चाहान्छु । वित्तिय समानिकरण, राजस्व बाँडफाड तथा आन्तरिक श्रोत सशर्त अनुदान समेतबाट ७३% कुल खर्च भई बजेटको कार्यान्वयनमा भएको व्यहोरा जानकारी गराउदछु । विश्वव्यापी रूपमा महामारीको रूपमा फैलिएको कोभिड-१९ को कारणले पुर्ण रूपमा विकाश खर्च गर्न समस्या भएको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

विगत वर्षको अनुभव र हाल पारिचलन भएका साधन र स्रोत लाई सहि ढंगले संचालन गर्न सकियो भने यस आ.व. मा राजस्व संकलन तथा विकास खर्चमा उत्साह पुर्ण सफलता प्राप्त हुने विश्वास लिएकी छू । आ.व. ०७७/७८ मा ६४ लाख ८० हजार आन्तरिक राजश्व संकलन गर्ने लक्ष्य राखिएको छ । गत वर्षको राजस्व दर रेट हरूलाई प्राय यथावत कायम गरेको छु ।

अध्यक्ष महोदय, अब म यस चौरीदेउराली गाउँपालिकाको आ.व. ०७६/७७ को अनुमानित वजेट पेश गर्न गइरहेको छु । आदरणीय अध्यक्षज्यू, गाउँ सभाका सम्पुर्ण सदस्यज्यूहरू म यस सम्मानित गाउँ सभामा २०७६ आषाढ १० गतको दिन पेश गरेको नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि विनियोजित रकम र सो को स्रोत व्यवस्थापनको लागि अनुमान पेश गरेकी छु । जनताका माग तथा आवश्यकताहरूलाई दृष्टि गत गरि यस आर्थिक वर्षमा समाविष्टी योजनाहरूको कार्यान्वयनमा सवै राजनितिक दलहरू, विषयगत कार्यालयहरू, संघ संस्थाहरू र निजि क्षेत्रबाट पूर्ण सहयोग र सक्रियताको अपेक्षा गर्दछु । आर्थिक वर्ष २०७७/०७८ को लागि निति तथा कार्यक्रम लागु गर्न कुल वार्षिक बजेटरू. ५२ करोड ३५ लाख ३ हजार विनियोजन गरिएको छ । उक्त रकम तपसील बमोजिमका स्रोतहरूबाट आम्दानी प्राप्तछ गरिने छ ।

**तपसील**

संघीय वित्तिय समानिकरण रू. ९ करोड ४ लाख
संघीय राजस्व बाँडफाड बाट अनुमानित रू. ६ करोड ७० लाख ८५ हजार
नेपाल सरकार बाट प्राप्त हुने सशर्त अनुदान रू. २३ करोड ६४ लाख
प्रदेश सरकार बाट प्राप्त हुने वित्तिय समानिकरण ९९ लाख २६ हजार
प्रदेश सशर्त अनुदान रू. ६ करोड ८ लाख ३४ हजार
आ.व. को २०७६/७७ (संघ, प्रदेश, जि.स.स. अनुदान समेत) को बाँकी मौज्दात र (आन्तरिक श्रोत) रू. ६ करोड २३ लाख ६८ हजार
आ.व. २०७६/७७ को अनुमानित आन्तरिक राजस्व रू. ६४ लाख ९० हजार
जम्मा रू. ५२ करोड ३५ लाख ०३ हजार
आदरणीय सभाध्यक्षज्यू, म व्यय तर्फको अनुमान तपसिल अनुसार पेश गर्न चाहन्छु ।

**तपसिल**

राजस्व बाँडफाड चालु र पुँजिगत खर्च रू. ६ करोड ७० लाख ८५ हजार
संघीय सशर्त अनुदान रू. २३ करोड ६४ लाख (चालु अनुदान )
प्रदेश सशर्त अनुदान रू. ५ करोड ८ लाख ३४ हजार
वित्तीय समानीकरण तथा आन्तरिक स्रोत चालु र पुँजीगत खर्च रू. १६ करोड ९१ लाख ८४ हजार
कुल बजेट ५३ करोड ३५ लाख ३ हजार
विकास खर्च (प्रशासनिक तथा कार्यालय संचालन र आन्तरिक श्रोत परिचालन बाहेक) खर्च रू. ११ करोड ४० लाख ३७ हजारको क्षेत्रगत व्यय अनुमान देहाय बमोजिम पेश गरेकी छु ।

**तपसिल**

आर्थिक विकास रू. २ करोड ७५ लाख ०५ हजार (२४.१२%)
सामजिक विकास रू. ३ करोड २३ लाख ८२ हजार (२८.४०%)
पुर्वाधार विकास रू. ३ करोड ९१ लाख ५० हजार (३४.३३%)

सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र रू. १ करोड ५० लाख (१३.१५%)
कुल विकास बजेट ११ करोड ४० लाख ३७ हजार (१००%)
आन्तरिक श्रोत परिचालन रू. ५ करोड ५१ लाख ४७ हजार मध्ये गत वर्षका क्रमागत योजनाको दायित्व भुक्तानी गर्न कुल विकास खर्च ४ करोड २७ लाख ११ हजार
जम्मा कुल विकास खर्च १५ करोड ६७ लाख ४८ हजार

यस गाउँपालिका योजनाबद्व विकासको चौथो वर्षमा पुगेको यहाँहरूलाई सर्वविदितै छ । विगत तिन वर्षको अवधिमा तर्जुमा गरिएका योजनाहरूको कार्यान्वयन बाट सामजिक विकास तथा पुर्वाधार विकासमा प्राथमिकता अनुसार उल्लेखनीय प्रगति भएको जानकारी गराउन चाहान्छु ।विगत वर्षका गाउँ सभा बाट पारित भएका निति, कार्यक्रम र बजेट कार्यान्वयनको मुल्याङ्कन र समीक्षा गर्दा प्रगतिउन्मुख रहेको छ । विगतका गाउँ सभाबाट पारित नीति, बजेट तथा कार्यक्रमको कार्यान्वयनको अनुभव र सिकाईबाट गाउँपालिकाको दिगो र सन्तुलित विकासका लागि ठोस र योजनाबद्व रूपमा अगडि बढ्ने पृष्ठगपोषण प्राप्त् भएको छ ।

अन्त्यमा, आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथि, विशेष अतिथि, आदरणीय गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरू एवम् दिदी बहिनी तथा दाजुभाईहरू कोभिड १९ को जोखिमबाट सुरक्षित रहँदै सबल समृध्द र न्यायपूर्ण गाउँपालिका निर्माणमा योगदान गर्न आव्हान गर्दछु । यस गाउँ सभामा उपस्थित भई आफ्नो अमूल्य समय प्रदान गरी दिनु भएकोमा यहाँहरूलाई हार्दिक धन्यवाद अर्पण गर्दै प्रस्तुत बजेट तथा कार्यक्रम पारित गरिदिनु हुनेछ भन्नेह विश्वा स लिएकी छु ।

धन्यवाद !

**ताराकुमारी चौंलागाई**
**उपाध्यक्ष**
**चौंरीदेउराली गाउँपालिका**

# आ.ब. ०७७/०७८ को अनुमानित आय व्यय

| आयतर्फ | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | श्रोत | ०७७/७८ को आय अनुमान रू. हजारमा |
| १ | वित्तीयसामनीकरण अनुदान | नेपाल सरकार | ९०४०० |
| २ | संघियराजस्व बाँडफाड | नेपाल सरकार | ६७०८५ |
| ३ | संघियशसर्त अनुदान | नेपाल सरकार | २३६४०० |
| ४ | प्रदेशशसर्त अनुदान | वागमती प्रदेश | ५०८३४ |
| ५ | वित्तीयसामनीकरण अनुदान | वागमती प्रदेश | ९९२६ |
| ६ | गत आ.व.२०७६/०७७को बाँकी मौज्दात, क्रमागत बाकी योजना, म्याचिङ (संघ प्रदेश जि स स समेत) | आन्तरिक | ६२३६८ |
| ७ | आन्तरिकराजश्व प्रक्षेपण (०७७/०७८) | आन्तरिक | ६४९० |
| जम्मा | | | ५२३५०३ |

| व्यय तर्फ | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | श्रोत | ०७७/७८ को व्यय अनुमान रू. हजारमा |
| १ | वित्तीयसामनीकरण अनुदान | नेपाल सरकार | ९०४०० |
| २ | संघियराजस्व बाँडफाड | नेपाल सरकार | ६७०८५ |
| ३ | संघियशसर्त अनुदान | नेपाल सरकार | २३६४०० |
| ४ | प्रदेशशसर्त अनुदान | वागमती प्रदेश | ५०८३४ |
| ५ | वित्तीयसामनीकरण अनुदान | वागमती प्रदेश | ९९२६ |
| ६ | गत आ.व.२०७६/०७७ काबाकी क्रमागत योजनाहरु (संघ प्रदेश ससर्त जिसस समेत) | आन्तरिक | ६२३६८ |
| ७ | आन्तरिकराजश्व प्रक्षेपण (०७७/०७८) | आन्तरिक | ६४९० |
| जम्मा बजेट | | | ५२३५०३ |
| चालु खर्च जम्मा | | | ३२७८१३ |
| पुँजिगत खर्च जम्मा | | | १९५६९० |

आ.व. २०७७-७८ प्रदेश सशर्त तर्फ

| कार्यक्रम | कोड | अनुदान प्रकृति | स्रोत | क्रियाकलाप | रकम रु.(हजारमा) |
|---|---|---|---|---|---|
| | ६.२.२.३६३ | सशर्त अनुदान | वागमती प्रदेश | महिला स्वास्थ्य स्वंय सेविकाहरुका लागि संचार खर्च | २०३ |
| | ६.२.२.३६४ | सशर्त अनुदान | वागमती प्रदेश | न्युनतम सेवा मापदण्ड(Minimum Service Standard-MSS) सुधारका लागि स्वास्थ्य संस्था(प्रा.स्वा.के./हे.पोलाई सशर्त अनुदान | ४५० |
| | ६.२.२.३६८ | सशर्त अनुदान | वागमती प्रदेश | एक विद्यालय एक नर्स कार्यक्रम संचालन निरन्तरता तथा विस्तार | १५६५ |
| | ६.२.२.३७४ | सशर्त अनुदान | वागमती प्रदेश | माध्यमिक तहमा शून्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयमा अंग्रेजी/गणित/विज्ञान/ शिक्षकका लागि शिक्षण सहयोग अनुदान | ४६८ |
| | ६.२.२.३७५ | सशर्त अनुदान | वागमती प्रदेश | प्रारम्भिक बाल विकास कक्षाका शिक्षकहरुलाई प्रोत्साहन खर्च | ६७६ |
| | ६.२.२.३७८ | सशर्त अनुदान | वागमती प्रदेश | बाल बिवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम | ३०० |
| | ६.२.२.३७९ | सशर्त अनुदान | वागमती प्रदेश | अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रम | ३०० |
| | ६.२.२.३८० | सशर्त अनुदान | वागमती प्रदेश | बाल मैत्री स्थानीय तह घोषणा प्रोत्साहन कार्यक्रम | ३०० |
| | ६.२.२.३८१.१२ | सशर्त अनुदान | वागमती प्रदेश | पुर्वाधार भएका स्वास्थ्य संस्थामा १५ शैया सम्मको अस्पताल संचालन निरन्तरता(चालु) धुसेनी शिवालय प्राथमिक अस्पताल चौंरीदेउराली गाउँपालिका काभ्रेपलाञ्चोक | ६००० |
| | ६.२.२.३८२.४ | सशर्त अनुदान | वागमती प्रदेश | स्थानीय तहमा अस्पताल/स्वास्थ्य चौकी भवन निर्माण अनुदान धुसेनी शिवालय हे.पो. HP२ निरन्तरता | ३०००० |
| | ६.२.२.३८६ | सशर्त अनुदान | वागमती प्रदेश | बाबु आमा विहिन बालबालिका संरक्षण कार्यक्रम | ७२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ६.२.२.३८८ | सशर्त अनुदान | वागमती प्रदेश | स्थानीय तहमा मिनि/डिजिटल मोबाइल माटो ल्याव स्थापना तथा परिक्षण कार्यक्रम संचालनको लागि सशर्त अनुदान | ५०० |
| | ६.२.२.८६३ | सशर्त अनुदान | वागमती प्रदेश | देउराली पोखरी राम्चे सडक चौंरीदेउराली | ३००० |
| | ६.२.२.८६४ | सशर्त अनुदान | वागमती प्रदेश | कात्तीके देउराली हर्रे खार धम्की बहखोला सडक चौंरीदेउराली | ४००० |
| | ६.२.२.८६५ | सशर्त अनुदान | वागमती प्रदेश | वाङ्थली-सेतीदेवी नि.मा.वि.-नाग्रे कोइली बगर-पचुवार-भोलुङ-कात्तिके-देउराली सडक चौंरीदेउराली | ३००० |
| | | | | **कुल जम्मा** | **५०८३४** |
| | | | | **कुल चालु जम्मा** | **१०८३४** |
| | | | | **कुल पुँजिगत जम्मा** | **४००००** |

आ.व. २०७७-७८ संघिय सशर्त

| कार्यक्रम | कोड | अनुदान प्रकृति | स्रोत | क्रियाकलाप | रकम रु. (हजारमा) |
|---|---|---|---|---|---|
| संघिय शसर्त अनुदान | | | | | २३६४०० |
| लघु उद्यम विकास कार्यक्रम (३०७००१०६) | | | | | २९०० |
| | २.६.४.११ | सशर्त अनुदान | नेपाल सरकार नगद | प्रतिष्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | २२८० |
| | २.६.४.१२ | सशर्त अनुदान | नेपाल सरकार नगद | प्रतिष्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत उद्यमीको स्तरोन्नती आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम | ४८० |
| | २.६.४.१४ | सशर्त अनुदान | नेपाल सरकार नगद | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धी बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण | १४० |
| राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम (३०८००१०४) | | | | | ८०० |
| कृषि विकास रणनिति अनुगमन तथा समन्वय कार्यक्रम (३१२००१०१) | | | | | ४०० |
| | २.७.१५.८६ | सशर्त अनुदान | नेपाल सरकार नगद | कृषक दर्ता व्यवस्थापन कार्यक्रम | ३०० |
| | २.७.१५.८७ | सशर्त अनुदान | नेपाल सरकार नगद | कृषि तथा पशुपन्छी सम्बन्धी तथ्यांक अध्यावधिक कार्यक्रम | १०० |
| प्रधानमन्त्री कृषी आधुनिकिकरण परियोजना(३१२००१०६) | | | | | ३९०० |
| | ५.१.११.४ | सशर्त अनुदान | नेपाल सरकार नगद | राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने वाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम | २४०० |
| | ५.१.११.८ | सशर्त अनुदान | नेपाल सरकार नगद | बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन | १५०० |
| पशु सेवा विभाग ( ३१२०२०११) | | | | | १०० |
| | २.७.१८.३८ | सशर्त अनुदान | नेपाल सरकार नगद | Artificial Insemination सम्बन्धी कार्यक्रम | १०० |
| राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग (३१४०१०११) | | | | | ३००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ११.३.७.४ | सशर्त अनुदान | आ.डि.ए. सोधभर्ना हुने ऋण | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सञ्चालनार्थ वडा कार्यालयहरुको लागी डेक्सटप कम्प्युटर, प्रिन्टर, स्क्यानर तथा 4G Wireless Dongol खरिद | ८४० |
| | २.१.१०.१ | सशर्त अनुदान | आ.डि.ए. सोधभर्ना हुने ऋण | इन्टरनेट सेवा शुल्क | १२० |
| | २.१.८.१ | सशर्त अनुदान | आ.डि.ए. सोधभर्ना हुने ऋण | एम.आई.एस. अपरेटर र फिल्ड सहायकको लागि सञ्चार खर्च | ५ |
| | २.३.२.१ | सशर्त अनुदान | आ.डि.ए. सोधभर्ना हुने ऋण | मेशिनरी औजार तथा फर्निचर मर्मत सम्भार (सेवा केन्द्र सञ्चालनार्थ) | ४२ |
| | २.४.१.४ | सशर्त अनुदान | आ.डि.ए. सोधभर्ना हुने ऋण | मसलन्द सामान खरिद (सेवा केन्द्र सञ्चालनार्थ) | ६० |
| | २.४.१४.३ | सशर्त अनुदान | आ.डि.ए. सोधभर्ना हुने ऋण | सञ्चार सामाग्री प्रसारण तथा छपाई (सञ्चार र पहुँच अभियान सञ्चालन) | १०० |
| | २.५.३.१ | सशर्त अनुदान | आ.डि.ए. सोधभर्ना हुने ऋण | व्यक्तिगत घटना दर्ताका किताब डिजिटाईजेशनका लागि परामर्श सेवा | १८९ |
| | २.५.३.३ | सशर्त अनुदान | आ.डि.ए. सोधभर्ना हुने ऋण | घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता सिविर सञ्चालन | ३८२ |
| | २.५.७.४ | सशर्त अनुदान | आ.डि.ए. सोधभर्ना हुने ऋण | एम. आई. एस. अपरेटर र फिल्ड सहायक पारिश्रमिक, चाडपर्व खर्च तथा पोशाक खर्च | ८०१ |
| | २.६.६.६ | सशर्त अनुदान | आ.डि.ए. सोधभर्ना हुने ऋण | आयोजना सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन (२) दर्ता सिविर सञ्चालन सम्बन्धी अभिमुखिकरण/कार्यशाला/तालिम कार्यक्रम सञ्चालन (३) गुनासो सुनुवाइ सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन। सहभागरीहरु हरेक वडाका प्रतिनिधि, स्थानीय CSO, स्थानीय निकायका अन्य कर्मचारी तथा पदाधिकारी, छनौट भएको सेवा प्रदायकको कर्मचारी तथा अन्य सरोकारवालाहरु | २४५ |
| | २.८.१.५ | सशर्त अनुदान | आ.डि.ए. सोधभर्ना हुने ऋण | एम. आई. एस. अपरेटर र फिल्ड सहायक दैनिक भ्रमण भत्ता तथा यातायत खर्च | १०२ |
| | २.८.१.६ | सशर्त अनुदान | आ.डि.ए. सोधभर्ना हुने ऋण | स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिहरुको लागि अनुगमन तथा मुल्याकन खर्च | ७२ |
| | २.९.९.३ | सशर्त अनुदान | आ.डि.ए. सोधभर्ना हुने ऋण | अन्य विविध खर्च-Periodic meeting costs of LGPCC | २२ |
| | २.९.९.४ | सशर्त अनुदान | आ.डि.ए. सोधभर्ना हुने ऋण | अन्य विविध खर्च-Mobilization of CSOs , Civic Groups , NGOs for Increased Social accountability | २० |
| **संस्कृति प्रवर्द्धन कार्यक्रम (३२५००१०३)** | | | | | **५००** |
| | ११.४.२२.४३५८ | सशर्त अनुदान | नेपाल सरकार नगद | टाँसी दाग्रेलिङ गुम्बा पर्यटन पूर्वाधार निर्माण चौरीदेउराली ६ मादन काभ्रेपलाञ्चोक | ५०० |
| **गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिब लक्षित विशेष कार्यक्रम (३३६००१०१)** | | | | | **१००** |
| | ६.२.२१८७ | सशर्त अनुदान | नेपाल सरकार नगद | गरिब पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम पारिश्रमिक (गणक/सुपरीवेक्षक/गुनासो सुनुवाई अधिकारी/अतिरिक्त कार्य प्रोत्साहन भत्ता) | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय (३४०००११) | | | | | ३०० |
| | २.७.१२.३ | सशर्त अनुदान | नेपाल सरकार नगद | स्थानीय तहको लैंगिक हिंसा निवारण कोषमा रकम | १०० |
| | २.७.२५.५१ | सशर्त अनुदान | नेपाल सरकार नगद | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्य क्षेत्र (महिला, बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक तथा यौनिक तथा लैंगिक अल्पसंख्यक) का तथ्यांक संकलन तथा अद्यावधिक गरि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनका लागि | १०० |
| | २.७.२५.५७ | सशर्त अनुदान | नेपाल सरकार नगद | १) समाजमा रहेका कुरीति, कुप्रथा, लैङ्गिक हिंसा, मानव वेचविखन तथा ओसारपसार विरुद्ध सचेतनामूलक कार्यक्रम तथा अभियान संचालन २) महिला विकास कार्यक्रमद्धारा प्रर्वदित महिला सहकारी संस्थाहरुको सुदृढीकरण एवं स्थानीय तहको महिला उद्यमी संजाल स्थापनाको लागि सहजीकरण | १०० |
| राष्ट्रिय खेलकुद परिषद (३४३४१०११) | | | | | १०० |
| | २.७.१४.१ | सशर्त अनुदान | नेपाल सरकार नगद | राष्ट्रिय रनिङ्ग सिल्ड प्रतियोगिता (स्थानीय तहस्तरीय) | १०० |
| सबैका लागि शिक्षा- आधारभुत तह (३५०००१४) | | | | | १०३३०० |
| | १.१.३.३ | सशर्त अनुदान | नेपाल सरकार नगद | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | १०३३०० |
| माध्यमिक तह (३५०००१५) | | | | | ३५३०० |
| | १.१.३.४ | सशर्त अनुदान | नेपाल सरकार नगद | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | ३५३०० |
| बिद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर (३५०००८०१) | | | | | ३८४०० |
| | १.१.४.१ | सशर्त अनुदान | नेपाल सरकार नगद | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ७६६० |
| | १.१.४.१ | सशर्त अनुदान | एस.एस.डि.पि. सोधभर्ना हुने अनुदान | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | १२६९ |
| | १.१.४.१ | सशर्त अनुदान | एस.एस.डि.पि. सोधभर्ना हुने ऋण | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | १७९५ |
| | ११.१.२.१ | सशर्त अनुदान | नेपाल सरकार नगद | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | १५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ११.१.२.१ | सशर्त अनुदान | एस.एस.डि.पि. सोधभर्ना हुने अनुदान | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | २४८ |
| | ११.१.२.१ | सशर्त अनुदान | एस.एस.डि.पि. सोधभर्ना हुने ऋण | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | ३५२ |
| | २.४.६.१ | सशर्त अनुदान | नेपाल सरकार नगद | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | १६०४ |
| | २.४.६.१ | सशर्त अनुदान | एस.एस.डि.पि. सोधभर्ना हुने अनुदान | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | २६६ |
| | २.४.६.१ | सशर्त अनुदान | एस.एस.डि.पि. सोधभर्ना हुने ऋण | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | ३७६ |
| | २.७.११.१ | सशर्त अनुदान | नेपाल सरकार नगद | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ३०७६ |
| | २.७.११.१ | सशर्त अनुदान | एस.एस.डि.पि. सोधभर्ना हुने अनुदान | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ५१० |
| | २.७.११.१ | सशर्त अनुदान | एस.एस.डि.पि. सोधभर्ना हुने ऋण | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ७२१ |
| | २.७.१३.१० | सशर्त अनुदान | नेपाल सरकार नगद | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १९२१ |
| | २.७.१३.१० | सशर्त अनुदान | एस.एस.डि.पि. सोधभर्ना हुने अनुदान | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ३१८ |
| | २.७.१३.१० | सशर्त अनुदान | एस.एस.डि.पि. सोधभर्ना हुने ऋण | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ४५० |
| | २.७.१३.११ | सशर्त अनुदान | नेपाल सरकार नगद | शैक्षिक पहुँच सुनिश्चिता, अनौपचारिक तथा वैकल्पिक शिक्षा (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | १००० |
| | २.७.१३.११ | सशर्त अनुदान | एस.एस.डि.पि. सोधभर्ना हुने अनुदान | शैक्षिक पहुँच सुनिश्चिता, अनौपचारिक तथा वैकल्पिक शिक्षा (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | १६६ |
| | २.७.१३.११ | सशर्त अनुदान | एस.एस.डि.पि. सोधभर्ना हुने ऋण | शैक्षिक पहुँच सुनिश्चिता, अनौपचारिक तथा वैकल्पिक शिक्षा (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | २३४ |
| | २.७.१३.१३ | सशर्त अनुदान | नेपाल सरकार नगद | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ७५४७ |
| | २.७.१३.१३ | सशर्त अनुदान | एस.एस.डि.पि. सोधभर्ना हुने अनुदान | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १२५० |
| | २.७.१३.१३ | सशर्त अनुदान | एस.एस.डि.पि. सोधभर्ना हुने ऋण | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १७६९ |
| | २.७.१३.२३ | सशर्त अनुदान | नेपाल सरकार नगद | सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन | ११५४ |
| | २.७.१३.२३ | सशर्त अनुदान | एस.एस.डि.पि. सोधभर्ना हुने अनुदान | सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन | १९१ |
| | २.७.१३.२३ | सशर्त अनुदान | एस.एस.डि.पि. सोधभर्ना हुने ऋण | सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन | २७१ |
| | २.७.१३.३ | सशर्त अनुदान | नेपाल सरकार नगद | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परिक्षा व्यवस्थापन अनुदान | १३६६ |
| | २.७.१३.३ | सशर्त अनुदान | एस.एस.डि.पि. सोधभर्ना हुने अनुदान | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परिक्षा व्यवस्थापन अनुदान | २७६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | २.७.१३.३ | सशर्त अनुदान | एस.एस.डि.पि. सोधभर्ना हुने ऋण | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परिक्षा व्यवस्थापन अनुदान | ३९० |
| | ७.२.१.१ | सशर्त अनुदान | नेपाल सरकार नगद | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | ४७२ |
| | ७.२.१.१ | सशर्त अनुदान | एस.एस.डि.पि. सोधभर्ना हुने अनुदान | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | १०६ |
| | ७.२.१.१ | सशर्त अनुदान | एस.एस.डि.पि. सोधभर्ना हुने ऋण | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | १४२ |
| झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम(३६५०११०३) | | | | | **३०००** |
| | ११.४.८.७०८ | सशर्त अनुदान | नेपाल सरकार नगद | सप्जेन-डुति, चनाउटे बाडबेसी, चौंरीदेउराली गाउँपालिका, काभ्रेपलान्चोक | ३००० |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (३७०००११४) | | | | | **५००** |
| | २.७.२२.९५ | सशर्त अनुदान | नेपाल सरकार नगद | स्वास्थ्य संस्था नभएका वडाहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको संचालन खर्च | ५०० |
| प्राथमिक स्वास्थ्य सेवा (३७००१०१२) | | | | | **३०५००** |
| | २.७.२२.८८ | सशर्त अनुदान | नेपाल सरकार नगद | स्थानीय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव, महगी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत प्रशासनिक खर्च समेत | ३०५०० |
| क्षयरोग नियन्त्रण (३७००११०१) | | | | | **३००** |
| | २.७.२२.७२ | सशर्त अनुदान | नेपाल सरकार नगद | प्रयोगशालामा क्षयरोग संक्रमण नियन्त्रण(भेन्टिलेसन, एक्जहस्ट फ्यान, फर्निचर, अटोक्लेभ, मर्मत-सम्भार तथा परिवर्तन) सम्बन्धी क्रियाकलाप | १० |
| | २.७.२२.७३ | सशर्त अनुदान | नेपाल सरकार नगद | विद्यालय स्वास्थ्य शिक्षा तथा विद्यालय नर्स परिचालन | १८ |
| | २.७.२२.७४ | सशर्त अनुदान | नेपाल सरकार नगद | आर्थिक स्थिति कमजोर रहेका पुनः उपचारमा रहेका पि.बि.सी. बिरामीहरुलाई उपचार अवधिभर पोषण खर्च तथा सम्पर्क परिक्षण | ६ |
| | २.७.२२.७५ | सशर्त अनुदान | नेपाल सरकार नगद | उपचार केन्द्रहरुमा आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी, कार्यक्रमका लागि आवश्यक स्टेशनरी, ट्याली सीट लगायतका फर्म फरमेट फोटोकपी, कार्यक्रमको नियमित अनुगमन तथा मुल्यांकन,स्थलगत अनुशिक्षण, क्षयरोगका बिरामीको चौमासिक कोहर्ट विश्लेषण र ई-टि.बि रजिस्टर अध्यावधिक, विश्व क्षयरोग दिवस मनाउने | १६६ |
| | २.७.२२.७६ | सशर्त अनुदान | नेपाल सरकार नगद | क्षयरोगका जोखिमयुक्त जनसंख्यामा (दूर्गम वस्ती, पिछडिएको वर्ग बसोवास स्थल, कार्यक्रम स्वास्थ्य संस्थाबाट टाढा रहेका बस्ती तथा स्वास्थ्य सेवामा पहूच कम भएका, कारागार, गुम्बा, स्कुल, बृधाश्रम,□द्योगिक क्षेत्र)सकृय क्षयरोग खोजपडताल कार्यक्रम | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| परिवार कल्याण कार्यक्रम (३७००११०३) | | | | | १६०० |
| | ६.२.२.२९६ | सशर्त अनुदान | नेपाल सरकार नगद | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | ८०० |
| | ६.२.२.२९७ | सशर्त अनुदान | नेपाल सरकार नगद | मातृ तथा नवशिशु कार्यक्रम | ८०० |
| एकिकृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम (३७००११०४) | | | | | ९०० |
| | ६.२.२.२६९ | सशर्त अनुदान | नेपाल सरकार नगद | पालिकास्तरमा खोप र सरसफाई प्रवद्र्धन कार्यक्रमको समिक्षा, सूक्ष्मयोजना अध्यावधिक र पालिका खोप समन्वय समितिको अभिमुखिकरण समेत पालिका स्तरमा २ दिन, वडा खोप समन्वय समितिको स्वास्थ्य संस्था, वडा सतरमा अभिमुखिकरण १ दिन तथा पूर्ण खोप सुनिश्चतताको लागी घरधुरी सर्वेक्षण, भेरिफिकेशन कार्य समेत | २१६ |
| | ६.२.२.२७० | सशर्त अनुदान | नेपाल सरकार नगद | बाह्य खोप केन्द्र बाट गुणस्तरिय खोप सेवा प्रदान गर्न खोप केन्द्रमा व्यवस्थापनको लागि फर्निचर व्यवस्था, सम्बन्धित वडा खोप समन्वय समिति मार्फत तयारी एवं खरिद, ३००० खोप केन्द्रमा प्रति खोप केन्द्र रु १०००० दरले, कम्तिमा टेवल १, कुर्सी १ र सानो बेञ्च १ र हात धुने सेटअप सहित तयारी तथा खरिद | ४० |
| | ६.२.२.२७२ | सशर्त अनुदान | नेपाल सरकार नगद | पोषण कार्यक्रम | ५४४ |
| | ६.२.२.२९४ | सशर्त अनुदान | नेपाल सरकार नगद | समुदायमा आधारित नवजात शिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन (IMNCI) कार्यक्रम समिक्षा तथा स्वास्थ्य संस्थाहरुमा onsite coaching | १०० |
| महामारी रोग नियन्त्रण कार्यक्रम (३७००११०५) | | | | | १०० |
| | २.७.२२.६८ | सशर्त अनुदान | नेपाल सरकार नगद | कोभिड १९ लगायत विभिन्न महामारीजन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा निगरानीका लागि सरोकारवाला सँगको अन्तरक्रिया तथा RRT, स्वास्थ्यकर्मी परिचालन | २५ |
| | २.७.५.५ | सशर्त अनुदान | नेपाल सरकार नगद | पशुपंक्षी आदीबाट हुने ईन्फुएन्जा, बर्ड फ्लु, AMR, सिष्टिसर्कोसिस, टक्सोप्लाज्मोसिस आदि विभिन्न सरुवारोग सम्बन्धि रोकथाम तथा नियन्त्रणका लागि सचेतना कार्यक्रम | २० |
| | २.७.५.६ | सशर्त अनुदान | नेपाल सरकार नगद | विभिन्न सरुवारोग, नसर्ने रोग, जुनोटिक, मानसिक स्वास्थ्य सम्बन्धि अन्तरक्रिया कार्यक्रम तथा दिवसहरु (Hypertension, Diabetes, COPD, Cancer Days, आत्महत्या रोकथाम दिवस, मानसिक स्वास्थ्य दिवस, अल्जाईमर दिवस, रेबिज दिवस, विश्व औलो दिवस) मनाउने | ५५ |
| अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सूचना प्रणाली(३७००११०८) | | | | | २०० |
| | ६.२.२.३२३ | सशर्त अनुदान | नेपाल सरकार नगद | पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक सूचना संकलन, भेरिफिकेशन एवं गुणस्तर सुधार साथै चौमासिक एवं वार्षिक समिक्षा | २०० |
| राष्ट्रि स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र(३७००११०९) | | | | | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | १.१.२.१० | सशर्त अनुदान | नेपाल सरकार नगद | विद्यालय स्वास्थ्य शिक्षा, आमा समुह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन प्रवर्धन अभियान | १०० |
| उपचारात्मक सेवा कार्यक्रम(३७००१११५) | | | | | **२६००** |
| | ६.२.२.३०५ | सशर्त अनुदान | नेपाल सरकार नगद | स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यान्वयन, सुद्रिढिकरण तथा समिक्षा (स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यक्रको समिक्षा) | ३०० |
| | ६.२.२.३०७ | सशर्त अनुदान | नेपाल सरकार नगद | आधारभूत तथा आकस्मिक सेवाको सुनिश्चततका लागि औषधीको आपूर्ति र उपयोग, सम्वन्धि कार्यक्रमहरुको अनुगमन तथा मूल्याङकन (अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | ७५ |
| | ६.२.२.३०८ | सशर्त अनुदान | नेपाल सरकार नगद | बिरामीको लागि ओ.पि.डि.टिकट (कार्बन कपी सहितको) छपाई | ७५ |
| | ६.२.२.३२१ | सशर्त अनुदान | नेपाल सरकार नगद | आधारभूत तथा आकस्मिक सेवाको लागि औषधि र स्वास्थ्य सुरक्षा सामग्री (PPE बाहेक) खरिद तथा औषधि लगायतका सामग्रीको ढुवानी तथा रिप्याकिंग र वितरण समेत | २०५० |
| | ६.२.२३२२ | सशर्त अनुदान | नेपाल सरकार नगद | स्थानीय तह भित्रका स्वास्थ्यकर्मीहरु,म.स्वा.स्वय.से. का लागि आधारभूत तथा आकस्मिक सेवा अन्तर्गत आँखा, नाक, कान, घाटी तथा मुख स्वास्थ्य सम्वन्धि प्राथमिक उपचार बारे अभिमुखिकरण / तालिम | १०० |
| नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम(३७००१११६) | | | | | **१२००** |
| | २.७.२२.६७ | सशर्त अनुदान | नेपाल सरकार नगद | राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम(पोशाक, प्रोत्साहन, यातायात खर्च, वार्षिक समिक्षा गोष्ठि र दिवस मनाउने खर्च समेत) | १२०० |
| प्रधानमन्त्री रोजगार कार्यक्रम(३७१००१०२) | | | | | **६३००** |
| | २.४.१.५ | सशर्त अनुदान | आई.डि.ए. सोधभर्ना हुने ऋण | रोजगार सेवा केन्द्रको संचालन खर्च | ६४ |
| | २.५.७.१० | सशर्त अनुदान | आई.डि.ए. सोधभर्ना हुने ऋण | प्राविधिक सहायकको पोसाक | १० |
| | २.५.७.५ | सशर्त अनुदान | नेपाल सरकार नगद | रोजगार संयोजकको तलब | ४६८ |
| | २.५.७.७ | सशर्त अनुदान | नेपाल सरकार नगद | रोजगार संयोजकको पोषाक | १० |
| | २.५.७.८ | सशर्त अनुदान | आई.डि.ए. सोधभर्ना हुने ऋण | प्राविधिक सहायकको तलब | ३६७ |
| | २.७.३.१ | सशर्त अनुदान | नेपाल सरकार नगद | विपन्न श्रमिकको ज्याला (दैनिक रु ५१७ * संख्या १०० * दिन १००) | २२ |
| | २.७.३.१ | सशर्त अनुदान | आई.डि.ए. सोधभर्ना हुने ऋण | विपन्न श्रमिकको ज्याला (दैनिक रु ५१७ * संख्या १०० * दिन १००) | ५१७० |
| | २.७.५.१० | सशर्त अनुदान | आई.डि.ए. सोधभर्ना हुने ऋण | रोजगार सेवा केन्द्रको सुदृढीकरण | १८९ |
| **कुल चालु खर्च जम्मा** | | | | | **११६१०** |
| **कुल पुँजिगत खर्च जम्मा** | | | | | **२२४७९०** |

**चौरी देउराली गाउपालिकाको आ.व. २०७७/०७८ को विकास बजेट(संघिय/प्रदेश समानिकरण र आन्तरिक श्रोत)**

| सि.नं. | क्र.सं. | विवरण | खर्च शिर्षक नं. | रकम (रु. हजारमा) | वडा नं. |
|---|---|---|---|---|---|
| १० | | आर्थिक विकास | | २७५०५ | |
| १०१० | | कृषि | | ८४०५ | |
| | १ | वाङ्थली कृषि कार्यक्रम, चिया गोडमेल तथा सिँचाई | ३११३१ | २०० | १ |
| | २ | वृक्षारोपण कार्यक्रम | २२५२२ | ५० | ३ |
| | ३ | कृषि औजार तथा उपकरण गत वर्षको भुक्तानी | ३११२२ | ३२५ | ५ |
| | ४ | कृषक प्रोत्साहन तथा पशु प्रवर्द्धन कार्यक्रम (भैसी किन्न सापटी घुम्ति कोष) | ३११३१ | १०० | ८ |
| | ५ | फलफूल नर्सरी स्थापना तथा व्यवस्थापन | ३११३१ | १०० | ८ |
| | ६ | उन्नत तरकारी किट | ३११३१ | ४०० | |
| | ७ | वडा स्तरिय जैविक मल बनाउने प्रविधि सम्बन्धि तालिम | २२५१२ | ९० | |
| | ८ | फेरमेन ट्र्याप वितरण कार्यक्रम | २२५२२ | ५० | |
| | ९ | ५०% अनुदानमा मौरी घार वितरण | ३११३१ | १०० | |
| | १० | गाउँपालिका स्तरिय मौरी पालन तालिम (२ दिने) | २२५१२ | ५० | |
| | ११ | माछा पालन क्षेत्र विस्तार(पोखरी निर्माण तथा माछा भुरामा ५०% सम्म अनुदान सहयोग) | ३११३१ | ३०० | |
| | १२ | २५% अनुदानमा प्लास्टिक पोखरी सेट वितरण | २२५२२ | २०० | |
| | १३ | Soil किट बक्स खरिद | २२५२२ | ४० | |
| | १४ | सिकेचर, आरी, बडिङ्ग नाईफ र स्प्रेयर | २२५२२ | १०० | |
| | १५ | विउ उत्पादन कार्यक्रम (८२६ प्रदेश समानीकरण) | ३११३१ | २००० | |
| | १६ | कृषि औजार वितरण ५०% अनुदान | ३११२२ | १००० | |
| | १७ | किटनाशक औषधी ५०% अनुदान | २२५२२ | ३०० | |
| | १८ | विज्ञटोलीद्वारा कृषि विकास सम्बन्धि अध्ययन तथा अनुसन्धान (आन्तरिक श्रोत) | ३११३२ | १००० | |
| | १९ | धान मकैमा सिफारिस गरेका विउ विजन अनुदान २५ % सम्म | ३११३१ | २००० | |
| १०२० | | पशु सेवा तर्फ | | ५००० | |
| | १ | कृषि तथा पशु विकास कार्यक्रम | २२५२२ | १०० | ७ |
| | २ | पशु स्वास्थ्य कार्यक्रम औषधी खरिद | २२५२२ | ८०० | |
| | ३ | पशु स्वास्थ्य रोग नियन्त्रण खोप कार्यक्रम | २२५२२ | ३०० | |
| | ४ | पशु स्वास्थ्य खोप कार्यक्रम भ्याक्सिनेटरलाई पारिश्रमिक | २२५२२ | १०० | |
| | ५ | कृतिम गर्भाधानका लागि सामाग्रि तथा तरल नाईट्रोजन ढुवानी | २२५२२ | २०० | |
| | ६ | कुखुरा तथा पंक्षिजन्य तालिम | २२५२२ | ५० | |
| | ७ | हिउँदे घाँस, जैं, भेच वर्षे घाँसको विउ वितरण | २२५२२ | १०० | |
| | ८ | उत्कृष्ट पशु पंक्षी पालन कृषकलाई पुरुस्कार वितरण | २२५२२ | ५० | |
| | ९ | ट्रेविज अथवा खोर निर्माण सबै वडाहरुमा | २२५२२ | ५० | |
| | १० | ४०% सम्म अनुदानमा च्याप कटर वितरण | ३११२२ | २५० | |
| | ११ | उन्नत बयर वोका बिउ वितरण | ३११३१ | ३०० | |
| | १२ | भैसी सुत्केरी भत्ता | ३११३१ | १००० | |
| | १३ | पशु विमा कार्यक्रम अनुदान | २२५२२ | ५०० | |
| | १४ | किसानलाई उन्नत जातको बाख्रा पाठी वितरण | ३११३१ | १००० | |
| | १५ | किसान पशु डाक्टर तालिम | २२५१२ | २०० | |
| १०३० | | पर्यटन | | ७०० | |
| | १ | पर्यटन प्रवर्द्धन म्याचिङ फन्ड | २२५२२ | ४०० | १ |
| | २ | भञ्याङ -छेडा-गुमटी पदमार्ग | ३११५९ | ३०० | ४ |

| सि.नं. | क्र.सं. | विवरण | खर्च शिर्षक नं. | रकम (रु. हजारमा) | वडा नं. |
|---|---|---|---|---|---|
| १०४० | | सहकारी | | ६०० | |
| | १ | सहकारी समन्वय समिति व्यवस्थापन तथा परिचालन | २२५२२ | १०० | |
| | २ | सहकारी मार्फत रासायनिक मल ढुवानी ५०% अनुदान | २२५२२ | ५०० | |
| १०५० | | वित्तीय क्षेत्र | | | |
| | | | | | |
| १०६० | | जलस्रोत तथा सिंचाई (खर्च शिर्षक ३११५५) | | १२८०० | |
| | १ | भालुखोला सिंचाई रजवास-चलाख बाहुनटोल सम्म | ३११५५ | १२०० | २ |
| | २ | बाजखेत सिंचाई पोखरी सिंचाई व्यवस्थापन | ३११५५ | ४०० | २ |
| | ३ | सानावारी सिंचाई पाईप | ३११५५ | ७०० | २ |
| | ४ | पुछारघर काफ्लेटोल साविक ३ सिँचाइ पोखरी | ३११५५ | ४०० | ३ |
| | ५ | उत्तिसघारी चिलाउने भित्ता सिँचाइ | ३११५५ | ४०० | ३ |
| | ६ | माङथान सिंचाई पाइप खरिद | ३११५५ | १०० | ३ |
| | ७ | हर्रे सिमलबोट सिंचाई पोखरी | ३११५५ | १५० | ५ |
| | ८ | गाँउखेत सिंचाई पोखरी | ३११५५ | २०० | ५ |
| | ९ | बडारे सिंचाइ पोखरी | ३११५५ | २०० | ५ |
| | १० | राम्चे सिंचाई पोखरी | ३११५५ | १०० | ५ |
| | ११ | फेदालीडाँडा पात्लेखेत सिँचाई पाइप | ३११५५ | १५० | ५ |
| | १२ | बोक्से सुवारा सिँचाई पोखरी | ३११५५ | ३०० | ६ |
| | १३ | दारिम्बोट सिँचाई पोखरी सम्पन्न गर्न | ३११५५ | १५० | ६ |
| | १४ | चौरीखोला मादनकुँडारी लिफ्टिङ सिचाई आयोजना | ३११५५ | २००० | ७ |
| | १५ | पौरे खोला सिँचाई | ३११५५ | ३०० | ४ |
| | १६ | राजकुलो सिंचाई सम्पन्न | ३११५५ | ५०० | ४ |
| | १७ | सालिमे सिंचाई पोखरी स्तरोन्नती | ३११५५ | २०० | ४ |
| | १८ | कालाढुङ्गा सिंचाइ पाइप | ३११५५ | १०० | ४ |
| | १९ | डबली पाटो सिँचाई | ३११५५ | १०० | ४ |
| | २० | भालुखोला बहुउपयोगि ड्याम आयोजना विस्तृत अध्ययन | ३११५५ | ५०० | |
| | २१ | देउशेलीपानी सिँचाई पोखरी मर्मत संभार | ३११५५ | १०० | |
